का.जि.प्र.का. दर्ता नं.: ५५/०७०/७१, वर्ष १, अंक १ (Vol.13, No.:7) मंसिर २०७० (Nov-Dec, 2013)

बुलेटिन नं. १

**वर्ष १, पूर्णाङ्क १, २०७०**

**सम्पादन सल्लाहकार**
प्रदिप पोखरेल
श्रीकृष्ण सुवेदी
गोपालनाथ योगी
रविन सुवेदी

**सम्पादक**
मीना शर्मा

**प्रकाशक**
निर्वाचन पर्यवेक्षण समिति नेपाल

**सम्पादन सहयोगी**
बद्री शिवाकोटी
उज्वल अधिकारी
सरिता भट्टराई
कृष्णा पाण्डे

**कभर/ले-आउटः**
राम थापा

**प्रकाशन सहयोगी**
द एशिया फाउण्डेशन
इनेब्लीङ स्टेट प्रोग्राम (EST)

**पत्राचार**
पोष्ट बक्स नं.: ९०५१, काठमाडौं
फोनः ००९७७-१-४७८०१४४
फ्याक्सः ००९७७-१-४७८४५६८
E-mail: eocnepal123@gmail.com

**यस बुलेटिनमा प्रकाशित सामाग्रीहरु द एशिया फाउण्डेशन तथा इनेब्लीङ स्टेट प्रोग्राम (EST) को आधिकारिक धारणा नरहेको स्पष्ट पार्दछौं । – सं**

# प्रकाशकीय

निर्वाचन पर्यवेक्षण समिति (इयोक) नेपाल मूलत निर्वाचनका बेला पर्यवेक्षण गरी स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन सम्पन्न गराउन सहयोग पुऱ्याउने उद्देश्यले गठन भएको हो । विभिन्न क्षेत्रमा कार्यरत व्यक्तित्वहरूको भेलाले गठन गरेको यस संस्थाले आगामी दोस्रो संविधानसभाको निर्वाचनमा ३० जना दीर्घकालीन पर्यवेक्षकलाई नजिकको जिल्लासमेत हेर्ने गरी जिम्मेवारी दिएर खटाएको छ भने पाँच विकास क्षेत्रमा क्षेत्रिय संयोजकहरूसमेत तोकेको छ । त्यसैगरी सबै जिल्लामा छोटो समयका लागि ३००० अल्पकालीन पर्यवेक्षक खटाउने तयारी गरिरहेको छ ।

संस्थागत जानकारी, निर्वाचन आचारसंहित, निर्वाचन पर्यवेक्षक आचारसंहिता तथा निर्वाचनसँग सम्बन्धित समाचारका साथै निर्वाचनका बेला विशेषगरी दलहरूबाट भएका आचारसंहिता उल्लंघनका केही घटनाहरूको जानकारी उपयोगी हुने विश्वासका साथ यो पहिलो बुलेटिन यहाँहरूको हातमा आइपुगेको छ ।

दोस्रो संविधानसभाको निर्वाचन नजिकिदै गर्दा निर्वाचन आचारसंहिता उल्लघंनका घटनाहरूमा बढोत्तरी हुँदै गएको छ । नेकपा एमालेकातर्फबाट प्रत्यक्षतर्फका उम्मेदवार महमुद आलमको प्रचारप्रसारका क्रममा हत्या भयो । त्यसैगरी उम्मेदवारहरू कुटिने, सवारी साधनहरू जलाइने, मतदान सामाग्री लुट्ने जलाइने जस्ता घटनाहरू पनि बढीरहेका छन् । निर्वाचनको विपक्षमा रहेका नेकपा-माओवादी लगायत ३३ दलले निर्वाचन विथोल्नकै लागि कार्त्तिक २५ गते देखि १० दिने आमहड्तालको घोषणा गरेको छ । यसले एकातिर उम्मेदवारहरू स्वयम् असुरक्षित हुने आशंका बढाएको छ भने नागरिकहरूमा भय उत्पन्न गराएको छ ।

लोकतन्त्रमा जनताले दुईपटक आफ्नो उपस्थिति जनाउन पाउँछन्, एउटा आन्दोलनको बेला र अर्को मतदानका बेला । यतिबेला मतदानको अधिकार प्रयोग गर्ने कुरामा समस्या खडा भएका छन् । आजको नेपालको आवश्यकता लोकतान्त्रिक संस्कारयुक्त समाज निर्माण गर्नु हो । त्यसका लागि संविधानसभाबाट संविधान लेखिनु पहिलो शर्त हो । यस अभियानमा सबै दलहरूले आ-आफ्नो जिम्मेवारी बोध गर्दै यसमै ध्यान केन्द्रीत गर्नु जरूरी छ । जनताले मतदान गर्न पाउने अधिकारमा अवरोध सिर्जना गर्नु मानवअधिकारको दृष्टिले पनि बर्जित कुरा हो । राजनीति जनताका लागि गरीने हुँदा दलहरूले जनताप्रतिको आफ्नो जिम्मेवारी र नागरिकको अधिकारलाई भुल्न हुँदैन । साथसाथै उम्मेदवार मन नपरेको खण्डमा नकरात्मक मत दिन पाउने व्यवस्थालाई पनि लोकतन्त्रमा ख्याल गनृ जरूरी छ । त्यसैले नेपालको कानूनले प्रत्याभूत गरेका नागरिकको अधिकार तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पालना गर्दै जनतालाई आफ्नो प्रतिनिधि चुन्ने र चुनिने अधिकारको संरक्षण गरी लोकतान्त्रिक संस्कार पालना गर्न र गराउन सबै दलहरूलाई हाम्रो आव्हान छ ।

# अध्यक्षको कलम

लोकतान्त्रिक पद्दतिलाई सशक्तिकरण गर्ने संस्थागत गर्ने प्रक्रियामा निर्वाचनको अहम भूमिका हुन्छ । किनकी लोकतान्त्रिक पद्दतिमा शासनको मूल आधार भनेको जनताको अभिमत नै हो । अभिमतको मुख्य आधार भनेको निर्वाचन नै हो ।

२०६२-०६३ को ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरूको संरक्षण र संस्थागत गर्ने ऐतिहासिक जिम्मेवारी पुरा गर्ने विश्वासका साथ संविधानसभाको दोस्रो निर्वाचनको संघारमा मुलुक उभिएको छ । संविधानसभाको निर्वाचन नै हुन्छ वा हुँदैन भन्ने अन्यौलताबाट उन्मुक्ति मुलुकले पाएको सर्वत्र अनुभूति गरिन थालिएको छ । गणतन्त्रलाई संस्थागत गर्दै जनतालाई राष्ट्रको मालिक बनाउने, देशको मुल कानून (संविधान) निर्माण गर्ने प्रक्रियामा आमनागरिकहरूको सहभागितालाई सुनिश्चित गर्न नेपाल सरकार, निर्वाचन आयोग, विभिन्न राजनैतिक दल साथै सरोकारवाला निकायको उत्साहबर्द्धक सहभागिताले स्पष्ट पार्दै लगेको पाइन्छ ।

जनताले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनको सम्पूर्ण प्रक्रियामा सहभागिता जनाउन पाए र मतदानमा जनताको उत्साहबर्दक सहभागिता भयो भने मात्र संविधानसभामा जनताको अपनत्वको भावनाको विकास हुन्छ ।

निर्वाचनका सम्पूर्ण प्रक्रियालाई विश्वसनिय गुणस्तरिय र जनसहभागितामुलक वनाउन निर्वाचन पर्यवेक्षणको महत्वपूर्ण भूमिका हुन्छ । निर्वाचन पर्यवेक्षणले लोकतन्त्रलाई सवलिकरण गर्नुका साथै अन्तर्राष्ट्रिय विश्वसनियताको पथ प्रशस्त गर्दछ । निर्वाचनको सशक्त पर्यवेक्षणले निर्वाचनमा लोकतान्त्रिक संस्कार र संस्कृतिको विकास गर्ने प्रक्रियालाई स्थापित गर्न सहयोग पुऱ्याउँदछ भन्ने हाम्रो विश्वास रहेको छ ।

उपयुक्त लोकतान्त्रिक मूल्य मान्यताको आधारमा आगामि मंसिर ४ गते सम्पन्न हुने निर्वाचनलाई सशक्त रूपमा पर्यवेक्षण गर्ने उद्देश्यकासाथ निर्वाचन पर्यवेक्षण समिति नेपालले आफ्ना गतिविधि र कृयाकलापहरूको थालनी गरिसकेको छ ।

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि महासन्धि १९६६ ले निर्वाचनलाई नागरिकको अधिकारको रूपमा सुनिश्चित गरेको छ । साथै नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ ले समेत सुनिश्चित गरेको निर्वाचन र मतदानमा सहभागी हुन पाउने अधिकारलाई आत्मसाथ गर्दै र आवधिक निर्वाचनमार्फत नागरिकले स्वतन्त्र, शान्तिपूर्वक र भयरहित वातावरणमा आफ्ना प्रतिनिधि चयन गर्न पाउने मानवअधिकार र लोकतन्त्रको आधारभूत सिद्धान्त हो भन्ने अन्तर ाष्ट्रिय मान्यता र अभ्यासलाई समेत आत्मसाथ गर्दै संकल्प प्रतिबद्धताका साथ हाम्रो संस्था पर्यवेक्षणमा संलग्न रहेको आम नागरिकहरूमा जानकारी गराउँदै यस पुनित कार्यमा सम्पूर्ण जनताहरूको सहयोगको अपेक्षा गरेका छौं ।

अन्तमा संविधानसभाको निर्वाचनमा जुटौं, संविधान निर्माणको प्रक्रियामा जुटौं र शान्ति प्रक्रियालाई तार्किक निस्कर्षमा पुऱ्याउन सबै जना भयरहित तरिकाले मतदानमा जुटौं ।

**प्रदिप पोखरेल**
अध्यक्ष
निर्वाचन पर्यवेक्षण समिति नेपाल

*Dristict Administration Office Reg. No. 55/2070* *Social Welfare Council Afileted No. 37675*

# ELECTION OBSERVATION COMMITTEE NEPAL (EOC Nepal)

Shram Marg, Buddhanagar - 10
Kathmandu-Nepal

## ADVISORY COMMITTEE OF EOC-Nepal

1. Dr. Rishi Raj Adhikari – Former Ambassador
2. Mr. Ramnath Mainali – Senior Advocate
3. Mr. Bishnu Pukar Shrestha – Human Rights Activist
4. Mr. Borna Bahadur Karki – Chairperson Press Council of Nepal.
5. Raman Shrestha – Former General Secretary, Nepal Bar Association of Nepal.

## CENTRAL EXECUTIVE COMMITTEE OF EOC-Nepal

1. Chairperson: **Mr. Pradip Pokharel** - Chairperson Human Development Campaign (HDC) Nepal.
2. Vice-chairperson : **Mr. Shree Krishna Subedi**- Chairperson Public Interest Litigation & Advocacy Nepal (PILAL) /Advocate .
3. General Secretary: **Mr. Gopal Nath Yogi**- Senior Vice-Chairperson NGO Federation of Nepal/Advocate
4. Secretary : **Mr. Rabin Subedi**- General Secretary, Public Interest Litigation & Advocacy Nepal (PILAL)/Advocate.
5. Treasurer : **Ms. Meena Sharma**- General Secretary Campaign for Human Rights & Social Transformation (CAHURAST)/ Jurnalist .
6. Member: **Mr. Satish Raj Mainali**- Chairperson, Organization for Human Rights (OHR) Nepal/Advocate
7. Member: **Mr. Ram Kumar Bhandari** - Chairperson Committee for Social Justice .
8. Member: **Mr. Jitendra Yadav**- Chairperson Youth Alliance of Nepal
9. Member: **Mr. Dinesh Chaudhari**-Member of NGO Federation of Nepal/Co-coordinator Veri Environment Excellent Group Nepal (BEE Group).
10. Member: **Ms. Tej kumari Tiwari** - General Secretary – Nepal Society of Disable .
11. Member: **Ms. Parbata Acharya** - Chairperson - Women Co-operative Forum/Member - NGO Federation of Nepal.
12. Member: **Ms. Bishnu Pokharel** - Chairperson Forum for Women Law & Justice – Nepal/Advocate.
13. Member: **Mr. Tula Bahadur Kandel**- Chairperson, Legal Campaign Group Nepal/Advocate .
14. Member: **Ms. Renu Sharma** - Chairperson Foundation for the Solidarity & Development of Women ( The Women Foundation)
15. Member: **Mr. Govinda Devkota** -Secretary, Community Radio Broadcasting Association, Nepal .

Shrma Marga, Buddha Nagar - 10
Phone : 014784568 Fax: 014781044
Email- eocnepal123@gmail.com URL : www.eocnepal.org.np

# विषय सूची


| विषय | पेज |
|---|---|
| प्रकाशकिय | ३ |
| अध्यक्षको कलम | ४ |
| इयोक कार्यसमिति नामावली | ५ |
| संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० | ७-१५ |
| राष्ट्रिय पर्यवेक्षकहरूका लागि संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण आचारसंहिता | १६-१८ |
| पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएका संघसस्थाहरू | १९-२० |
| निर्वाचन सम्बन्धी छोटा समाचारहरू | २१-२६ |
| आचारसंहिता उल्लंघनका घटनाहरू | २७-२९ |


## इयोक गतिविधिहरू


| | |
|---|---|
| अन्तरक्रिया कार्यक्रम | ३०-३२ |
| अन्तरक्रिया कार्यक्रमका समिक्षा | ३३ |
| दीर्घकालीन पर्यवेक्षण तालिम सम्पन्न | ३३ |
| निर्वाचन आयोगविरूद्ध सर्वोच्चमा रिट | ३४-३५ |
| आयोगको ध्यानाकर्षण | ३६-३७ |
| प्रेस विज्ञप्ती | ३८ |
| पत्रकार भेटघाट कार्यक्रम | ३९-४१ |
| मन्त्री परिषद्का अध्यक्षको ध्यानाकर्षण | ४२-४३ |
| पत्रपत्रिकामा आचारसंहिता उल्लंघनका घटनाहरू | ४४ |
| अनलाइन मिडियामा इयोकका समाचार | ४५ |
| इयोकका दीर्घकालीन पर्यवेक्षकहरूको नामावली | ४६ |

# संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७०

**प्रस्तावनाः स्वतन्त्र, स्वाच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढंगबाट संविधान सभाको निर्वाचन सम्पन्न गर्नका लागि सरोकारवालाहरुले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,**

**निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सरोकारवालाहरुसँग परामर्श गरी देहायको आचारसंहिता बनाएको छ ।**

## परिच्छेद -१

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आचार संहिताको नाम "संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७०" रहेको छ ।

(२) यो आचारसंहिता सम्वत् २०७० साल श्रावण ७ गते देखि प्रारम्भ हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा :

(क) "निर्वाचन" भन्नाले सम्वत् २०७० साल मङ्सिर ४ गते सम्पन्न हुने संविधान सभा सदस्यको निर्वाचन सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले निर्वाचन आयोग सम्झनुपर्छ ।

३. आचारसंहिता लागू हुने निकाय, अधिकारी, संस्था, र व्यक्तिः यो आचारसंहिता देहायका निकाय, अधिकारी, संस्था र व्यक्तिलाई लागू हुनेछ :-

(क) राजनीतिक दल र उम्मेदवार,

(ख) राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति,

स्पष्टीकरण : (१) "राजनीतिक दल" भन्नाले राजनीतिक दलको भातृ संगठनलाईसमेत जनाउँछ ।

(२) "राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति" भन्नाले राजनीतिक दल वा उम्मेदवारको तर्फबाट निर्वाचन प्रचारप्रसार गर्ने कार्यमा संलग्न जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ग) नेपाल सरकार र नेपाल सरकारका मन्त्री,

(घ) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था र स्थानीय निकाय,

(ङ) आमसञ्चारका माध्यम,

स्पष्टीकरण : "आम सञ्चारका माध्यम" भन्नाले सरकारी, सामुदायिक र निजी क्षेत्रका विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ ।

(च) नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था र स्थानीय निकायका कर्मचारी र निर्वाचन कार्यमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी,

(छ) गैरसरकारी संघ/संस्था र

(ज) निर्वाचन प्रयोजनको लागि आयोगले खटाएको स्वयंसेवक ।

## परिच्छेद - २

राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मे दवारसँग सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण

निर्वाचन प्रचार-प्रसार गर्दा राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिले देहायको आचरण पालना गर्नु पर्नेछ :-

**निर्वाचन प्रचार-प्रसारसम्बन्धी सामान्य आचरणः**

४. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, जनतामा निहित राजकीय सत्ता

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, मानव अधिकार र स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रतिकूल हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउनु हुदैन ।

५. कुनै धर्म, सम्प्रदाय, जात जाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार-प्रसार गर्न वा गराउन हुँदैन ।

६. भाषण, वक्तव्य र अन्य यस्तै कुरामा शिष्ट र मर्यादित भाषा प्रयोग गर्नु पर्छ ।

७. कुनै राजनीतिक दल वा उम्मेदवारको आलोचना गर्दा त्यस्तो दल वा उम्मेदवारको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको काममा मात्र सीमित रही गर्नु पर्नेछ; उम्मेदवार, राजनीतिक दलको नेता वा कार्यकर्ताको सार्वजनिक कामसँग सम्बन्धित नभएको निजी जीवनको कुनैपनि कुराको आलोचना गर्नु हुँदैन ।

८. लैङ्गिक हिंसा लगायत अन्य हिंसाजन्य कार्य गर्न र त्यस्तो कार्य गर्न कसैलाई उक्साउनु हुँदैन ।

९. प्रचलित कानूनबमोजिम निर्वाचनसम्बन्धी कसूर मानिने कार्य गर्न वा गराउन र त्यस्तो कसुर गर्न कसैलाई उक्साउनु हुँदैन ।

१०. धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन ।

११. कसैको निजी घर कम्पाउण्ड, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरूमा घरधनीको स्वीकृति नलिई कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन ।

१२. भित्ते लेखन गर्न, तुल, ब्यानर प्रयोग गर्न वा गराउन हुँदैन ।

१३. शान्तिपूर्ण र बाधा अबरोधरहित मानवीय जीवन जीउन पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सम्मान गर्नु पर्नेछ; कुनै व्यक्तिको विचारको विरोध गर्दा निजको घर अगाडि विरोध गर्न र प्रदर्शन गर्न हुँदैन ।

१४. निर्वाचन प्रचार-प्रसारको प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा कूल क्षेत्रफल तीन सय बर्ग इञ्चसम्मको आकारको पर्चा मात्र प्रयोग गर्नु पर्नेछ; त्यस्तो पर्चा छपाउँदा एक रङमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पर्चामा पर्चा मुद्रक र पर्चा छपाउने राजनीतिक दल वा उम्मेदवार समेतको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ ।

१५. कुनै राजनीतिक दल वा उम्मेदवारले टाँस गरेको वा त्यस्तो दल वा उम्मेदवारको तर्फबाट टाँस भएको पर्चा वा निर्वाचन चिन्हलाई केरमेट गर्न, उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन ।

१६. कसैको पुत्ला लिएर हिँड्न वा पुत्ला जलाउने कार्य गर्नु वा गराउनु हुँदैन ।

१७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, निकाय वा स्थानीय निकाय र कुनै परियोजनाको साधन, श्रोत र सम्पत्ति प्रयोग गर्नु वा गराउनु हुँदैन ।

१८. प्रचार-प्रसारको लागि कुनैपनि प्रकारको प्लास्टिक सामग्री प्रयोग गर्नु हुँदैन ।

१९. मादक पदार्थको सेवन गरी निर्वाचनको प्रचार-प्रसार गर्न वा गराउनु हुँदैन ।

२०. निर्वाचन आयोगद्वारा वितरित मतदाता शिक्षा सम्बन्धी प्रचार सामग्री वा सूचनालाई विगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत गर्न हुँदैन ।

२१. मतदातालाई प्रभाव पार्ने उद्देश्यले नगद, जिन्सी र अन्य कुनै पनि सामग्री वितरण गर्न वा प्रदान गर्न वा भोज भतेरको आयोजना गर्नु वा गराउनु हुँदैन ।

२२. आफूले टाँसेको पर्चा सम्बन्धित निर्वाचन क्षेत्रको परिणाम घोषणा भएको साठी दिनभित्र उप्काई वा हटाई पर्चा टाँसेको स्थान सफा गर्नु पर्नेछ ।

**जुलुस तथा आमसभा सम्बन्धी आचरण :**

२३. जुलुस, र्‍याली, आमसभा, वैठक वा भेला गर्दा वा गराउँदा स्थानीय प्रशासन र प्रहरीलाई सुरक्षा प्रबन्ध गर्न सोको समय, मिति, मार्ग, रूट र स्थानका बारेमा स्थानीय प्रशासन र प्रहरीलाई कम्तीमा चौबीस घण्टा अगावै जानकारी गराएर मात्र गर्नु पर्नेछ; त्यसरी तय भई सकेको मार्ग स्थानीय प्रशासन र प्रहरीको अनुमतिबिना फेरबदल गर्न सकिने छैन ।

२४. दुई वा दुईभन्दा बढी राजनीतिक दल वा उम्मेदवारहरूले एउटै समय, स्थान र मार्गमा जुलुस, र्‍याली, आमसभा, वैठक वा भेला गर्दा स्थानीय प्रशासनले दिएको अनुमति अनुसार मात्र

आयोजना गर्नु पर्नेछ ।

२५. नेपाल सरकार वा स्थानीय प्रशासनले सार्वजनिक सुरक्षा र हितका लागि प्रचलित कानूनबमोजिम निषेध गरेको समय र स्थानमा कुनैपनि जुलुस, ऱ्याली, आमसभा, वैठक, भेला वा प्रचार-प्रसारको कार्यक्रमको आयोजना गर्नु वा गराउनु हुँदैन ।

२६. सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुस, आमसभा गर्नु वा गराउनु हुँदैन ।

२७. मसाल जुलुस र हातहतियारसहितको जुलुस निकाल्नु हुँदैन ।

२८. जुलुस, ऱ्याली, वा आमसभामा भाग लिने व्यक्तिहरूले आफनो हातमा १०"×१८" को आकारसम्मको झण्डा लिन सक्नेछन् ।
तर निर्वाचन प्रचार-प्रसारको लागि प्रयोग गरिने सवारी साधनमा वा आमसभास्थलमा सोभन्दा ठूलो आकारको झण्डा प्रयोग गर्न बाधा पुगेको मानिने छैन ।

२९. हात हतियार वा विष्फोटक पदार्थ लिएर हिंड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गर्न गराउन हुँदैन ।

३०. अरू राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, ऱ्याली, आमसभा, वैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, ऱ्याली, आमसभा, बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुऱ्याउनु हुँदैन ।

३१. जुलस, ऱ्याली, आमसभा वा भेला जस्ता प्रचार-प्रसारका कार्यक्रम बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नु पर्नेछ ।

३२. बालवालिकालाई जुलुस, ऱ्याली, आमसभा, वैठक वा भेलामा सहभागी गराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्बन्धित अन्य कुनैपनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन ।

३३. जनसाधारणको हितमा प्रतिकूल असर नपर्ने गरी निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि वाहेक अन्यत्र माइक तथा लाउडस्पिकर र यस्तै ध्वनी उत्पन्न गर्ने यन्त्र प्रयोग गर्न हुँदैन ।

३४. मतदान हुने दिनभन्दा अठचालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म जुलुस निकाल्न, नारा लगाउन, राजनीतिक दल वा राजनीतिक दलसँग आबद्ध संस्थाको झण्डा, निर्वाचन चिन्ह र अन्य कुनैपनि सामग्री प्रदर्शन गर्न र निर्वाचन प्रचार-प्रसार हुने कुनैपनि कार्य गर्नु र गराउनु हुँदैन ।

३५. विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग लगायत निर्वाचन प्रचारका काम गर्नु हुँदैन ।

**सवारी साधनको प्रयोगसम्बन्धी आचरणः**

३६. हवाईजहाज तथा हेलिकप्टर जस्ता सवारी साधन चार्टर गरी निर्वाचन प्रचार-प्रसार गर्नु वा गराउनु हुँदैन । तर सोलुखुम्बु, मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला, मुगु, कालिकोट, बझाङ, बाजुरा र जाजरकोट जिल्लाको हकमा यो दफा लागू हुनेछैन ।

३७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, स्थानीय निकाय र परियोजनाका सवारी साधन प्रयोग गर्नु वा गराउनु हुँदैन ।

३८. उम्मेदवारले निर्वाचन प्रचार-प्रसारका लागि एक निर्वाचन क्षेत्रमा वढीमा दुईवटा हलुका सवारी साधन प्रयोग गर्न सक्नेछ । त्यस्ता सवारी साधन नचल्ने निर्वाचन क्षेत्रमा वढीमा चार वटा घोडा प्रयोग गर्न सक्नेछ । तर एउटा उम्मेदवारले प्रयोग गरेको सवारी साधन अर्को कुनै पनि उम्मेदवार वा राजनीतिक दलले कुनै पनि प्रकारले प्रयोग गर्न हुदैन ।

३९. राजनीतिक दलले निर्वाचन प्रचारका लागि एउटा जिल्लामा वढीमा दुई वटा हलुका सवारी साधन प्रयोग गर्न सक्नेछ । तर एउटा राजनीतिक दलले प्रयोग गरेको सवारी साधन अर्को कुनै पनि राजनीतिक दल वा उम्मेदवारले कुनै पनि प्रकारले प्रयोग गर्न हुदैन ।

४०. निर्वाचन अधिकृतले राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारको लागि प्रयोग गर्ने सवारी साधनको लागि अनुसूची –२ बमोजिमको ढाँचामा निस्सा प्रदान गर्नेछ ।

४१. दफा ४० बमोजिम निस्सा दिंदा निर्वाचन अधिकृतले त्यस्तो सवारी साधनमा टाँस्नुपर्ने सवारी साधन संख्या नम्वर दिनेछ र सम्बन्धित राजनीतिक दल र उम्मेदवारले त्यस्तो संख्या उक्त सवारी

साधनमा सवैले देख्ने गरी टाँस्नु पर्नेछ ।

४२. निर्वाचन अधिकृत, अनुगमन टोली, मतदान अधिकृत, आयोग वा आयोगले तोकिदिएको अधिकृतले दफा ४१ बमोजिमको निस्सा र संख्या जाँच गर्न सक्नेछ ।

४३. मतदानको दिन मतदातालाई हवाईजहाज, हेलिकप्टर, बस, ट्रक, जीप, मोटरसाईकल र अन्य कुनै पनि सवारी साधनबाट ओसार-पसार गर्नु र गराउनु हुँदैन । तर हिंडडुल गर्न नसक्ने अशक्त मतदाताले आयोग वा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सक्नेछ ।

**अनुचित प्रभाव तथा अवरोध सम्बन्धी आचरण :**

४४. निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा सुरक्षाकर्मीलाई कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु वा गराउनु हुँदैन ।

४५. मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा धर्म भकाउने जस्ता काम गरी निजको इच्छा विपरित मतदान गर्न वा नगर्न बाध्य गर्नु वा गराउनु हुँदैन ।

४६. कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा वल प्रयोग गरी कुनै पनि उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्न वा गराउन हुँदैन ।

४७. निर्वाचन विथोल्ने, निर्वाचन प्रति वितृष्णा पैदा हुने, निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुनेगरी कुनै कार्य गर्नु वा गराउनु हुँदैन ।

४८. मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट बन्चित गराउने अभिप्रायले कुनैपनि किसिमले अवरोध वा थुनछेक गर्नु वा गराउनु हुँदैन ।

**मतदानसम्बन्धी आचरण:**

४९. मतदानको दिन मतदान शान्तिपूर्ण तथा सुव्यवस्थितरूपमा सञ्चालन गर्न र मतदाताले कुनै वाधा, अवरोध, हैरानी विना आफ्नो मताधिकार प्रयोग गर्ने कार्य सुनिश्चित गर्न मतदानमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीलाई सहयोग गर्नु पर्नेछ ।

५०. मतदानको दिन मतदान केन्द्र र सोको २०० मिटर वरिपरि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित कुनैपनि किसिमको पहिरन, पोशाक, टोपी, स्टिकर, लोगो, झोला आदिको प्रयोग गर्न र गराउन हुँदैन ।

५१. मतदान केन्द्र र सोको २०० मिटर वरिपरि रहने आफ्नो प्रतिनिधि र कार्यकर्तालाई कुनै चिन्ह वा संकेत नभएको सादा परिचयपत्र वा ब्याच प्रदान गर्नु पर्नेछ ।

५२. मतदान केन्द्र र सोको २०० मिटर वरिपरि भीड जम्मा गर्न र पर्चा, झण्डा, संकेत लगायत निर्वाचन प्रचारका कुनैपनि सामग्री टाँस्न वा टाँस्न लगाउन, राख्न वा राख्न लगाउन र लेख्न वा लेख्न लगाउन हुँदैन । त्यसरी लेख्न वा लेख्न लगाएको रहेछ भने सम्बन्धित राजनीतिक दल वा उम्मेदवारले मतदान कार्य शुरू हुन अघि त्यस्ता सामग्री हटाउनु पर्नेछ ।

५३. मतदानको दिन कुनै दल वा उम्मेदवारको निर्वाचन प्रचार हुने गरी शरीरमा टाटु लगाउने वा टाँक वा टीका लगाउने वा अन्य यस्तै कार्य गर्नु हुँदैन । राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिको दायित्व र जिम्मेवारी :

५४. आफ्नो कार्यकर्ता तथा समर्थकहरूलाई निर्वाचन सम्बन्धी आचारसंहिताको जानकारी गराई सोको पालना गर्न र गराउन लगाउनु पर्नेछ ।

५५. आफ्नो कार्यकर्ता वा समर्थकबाट आचारसंहिता उल्लंघन भएमा सो को जिम्मेवारी त्यस्तो दल र उम्मेदवारले लिनु पर्नेछ ।

५६. निर्वाचनसम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकामा भएका व्यवस्थालाई पूर्णरूपमा पालना गर्नु र गराउनु पर्नेछ ।

## परिच्छेद - ३

नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले पालना गर्नुपर्ने आचरण निर्वाचनको सिलसिलामा नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, स्थानीय निकाय र सोको कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

५७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएकोमा बाहेक नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न, कार्यान्वयन गर्न, सञ्चालन गर्न र सो प्रयोजनका लागि जनशक्ति तथा श्रोत, साधनको परिचालन गर्नु र गराउनु हुँदैन ।

५८. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले कुनै पनि योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरू गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यहरू गर्नु र गराउनु हुँदैन ।

तर प्राकृतिक प्रकोपको कारणबाट काबु बाहिरको परिस्थिति सिर्जना भई मानवीय आधारमा सहयोग पुऱ्याउन कुनै कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न वाधा पुगेको मानिने छैन ।

५९. नेपाल सरकारका मन्त्री तथा राजनीतिक नियुक्ति पाएका व्यक्तिले सरकारी कामका लागि भ्रमण वा निरीक्षणमा जाँदा वा जुनसुकै सरकारी काममा संलग्न रहँदा निर्वाचन प्रचार-प्रसारको काममा संलग्न हुनु हुँदैन ।

६०. निर्वाचनमा उम्मेदवार नभएका मन्त्री वा स्थानीय निकायका पदाधिकारी मतदान गर्ने कामको लागि मात्र मतदान केन्द्रभित्र प्रवेश गर्नु पर्नेछ ।

६१. मन्त्रिपरिषद्का अध्यक्ष, मन्त्री, मन्त्रीका सल्लाहकार र राजनीतिक नियुक्ति पाएको व्यक्तिले प्रयोग गर्ने सरकारी साधन, श्रोत र सहुलियत निर्वाचन प्रचार-प्रसारको काममा प्रयोग गर्नु वा गराउनु हुँदैन ।

६२. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था वा स्थानीय निकायमा कार्यरत कर्मचारीलाई नेपाल सरकार वा अख्तियारवाला पदाधिकारीले निर्वाचन प्रचार-प्रसारको काममा वा निर्वाचन परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु वा गराउनु हुँदैन ।

६३. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह वा त्यस्तै अन्य साधन र सुविधा राजनीतिक दल, उम्मेदवार र निर्वाचनको प्रचार-प्रसारमा संलग्न अन्य व्यक्तिहरूलाई प्रयोग गर्न दिनु हुँदैन ।

६४. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायका प्रमुख र कर्मचारीले नेपाल सरकार, त्यस्तो संस्था र स्थानीय निकायको कुनैपनि किसिमको श्रोत तथा साधन निर्वाचन प्रचार-प्रसारका लागि उपलब्ध गराउनु हुँदैन ।

६५. नेपाल सरकारका कर्मचारी तथा सुरक्षाकर्मी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायमा कार्यरत कर्मचारी र सामुदायिक विद्यालयका शिक्षकलाई निर्वाचन सम्बन्धी काममा वाहेक अन्यत्र सरूवा गर्न, काजमा खटाउन, वढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्नु हुँदैन ।

तर प्रचलित कानूनबमोजिम नियमित रूपमा हुने बढुवाका सम्बन्धमा यो दफा लागू हुने छैन ।

६६. नयाँ पदको सृजना गर्न, विज्ञापन गर्न वा भत्ता बृद्धि गर्न वा ग्रेड, पुरस्कार प्रदान गर्न हुँदैन ।

तर लोकसेवा आयोग र न्याय सेवा आयोगद्वारा नियमित रूपमा गरिने विज्ञापनको सम्बन्धमा र कर्मचारीले नियमित रूपमा प्रचलित कानूनबमोजिम पाउने भत्ता, ग्रेड वा पुरस्कारका सम्बन्धमा यो दफा लागू हुने छैन ।

६७. निर्वाचन अधिकृत नियुक्त भई काम गरेको कर्मचारीलाई निर्वाचनको परिणाम घोषणा भएको पन्ध्र दिनसम्म सरूवा गर्न हुँदैन ।

६८. स्थानीय प्रशासनले उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान हुनु तीन दिन अघिसम्म बेलुकी आठ बजेपछि मादक पदार्थ विक्रि वितरण गर्न र मतदानको तीन दिनअघि देखि निर्वाचन परिणाम घोषणा नभएसम्म मादक पदार्थ विक्रि वितरण र सेवनमा रोक लगाउनु पर्नेछ ।

६९. निर्वाचन अधिकृत, मतदान अधिकृत, मतदान केन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत, कर्मचारी, अनुगमनमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी, स्वयंसेवक र पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा तटस्थ र निष्पक्ष रूपमा आफ्नो पदीय कर्तव्य पालना

गर्नु पर्नेछ र कानूनबमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन हुँदैन ।

७०. निर्वाचन कार्यक्रम प्रकाशन भएपछि निर्वाचन समाप्त नहुन्जेलसम्म मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानुपर्ने सरकारी प्रतिनिधि वा प्रतिनिधि मण्डल बाहेक अन्य कुनैपनि प्रयोजनका लागि नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जानु हुँदैन ।

## परिच्छेद - ४

### गैरसरकारी संस्थाको आचरण

गैरसरकारी संस्थाले निर्वाचनको सम्बन्धमा देहायका आचरण पालना गर्नु र गराउनु पर्नेछ :–

७१. यो आचारसंहिता लागू भएपछि कुनै राजनीतिक दल वा उम्मेदवारलाई प्रभावित पार्ने गरी नयाँ नीति, योजना र कार्यक्रमको घोषणा गर्न वा सो प्रयोजनको लागि जनशक्ति तथा श्रोत साधनको परिचालन गर्नु गराउनु हुँदैन ।

७२. राजनीतिक दलका पदाधिकारी र सदस्य वा कुनै पनि उम्मेदवारबाट कुनै नयाँ योजनाको शिलान्यास वा उद्घाटन गराउने र अन्य यस्तै काम गराउनु हुँदैन ।

७३. आफ्नो नामबाट कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार-प्रसार गर्नु वा गराउनु हुँदैन ।

७४. आफ्नो संस्थाको कुनै पनि श्रोत, साधन कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार-प्रसारको लागि उपलब्ध गराउनु हुँदैन ।

७५. निर्वाचन कार्यक्रमलाई प्रभावित पार्ने गरी मतदातालाई कुनै प्रकारले नगद, जिन्सी वा कुनैपनि किसिमको उपहार वा अनुदान दिनु वा दिन लगाउनु हुँदैन ।

७६. निर्वाचन सम्पन्न नभएसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुनेगरी सभा वा जुलुस पर्दशन जस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।

७७. मतदाताहरूलाई भ्रममा पार्ने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु गराउनु हुँदैन ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि "गैर सरकारी संस्था" भन्नाले नाफाको उद्देश्य नराखी प्रचलित कानूनबमोजिम नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको गैर सरकारी संस्था सम्झनु पर्छ र सो शब्दले विदेशमा दर्ता भई प्रचलित कानून बमोजिम नेपालमा संचालन भएको अन्तर्राष्ट्रिय गैर सरकारी संस्था समेतलाई जनाउँछ ।

## परिच्छेद - ५

### आम सञ्चार माध्यमले पालना गर्नुपर्ने आचरण

निर्वाचनको अवधिमा आम संचार माध्यमले देहायका आचरण पालना गर्नु पर्नेछ :–

७८. सूचना वा समाचार सम्प्रेषण गर्दा तथ्यमा आधारित भई, पक्षपात नगरी र वस्तुनिष्ठ ढंगले सम्प्रेषण गर्नु पर्नेछ ।

७९. सूचना वा समाचार सम्प्रेषण वा प्रसारण गर्दा कसैप्रति पूर्वाग्रह नराखी र कसैलाई पक्षपात नगरी सम्प्रेषण गर्नु पर्नेछ ।

८०. सूचना वा समाचारको संकलन तथा सम्प्रेषण रोक्न, दबाउन वा लुकाउन हुँदैन ।

८१. सूचना वा समाचार सर्वसाधारणलाई भ्रममा पार्ने गरी सम्प्रेषण गर्न, प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

८२. निर्वाचनसँग सम्बन्धित शिक्षामूलक समाचार र सूचना सम्प्रेषणलाई उच्च प्राथमिकता दिनुपर्नेछ । सूचना र समाचार संकलन र सम्प्रेषण गर्न कसैले वाधा अवरोध पुऱ्याएमा सो कुरा समेत सूचना तथा समाचारमा समावेश गर्नु पर्नेछ ।

८३. कसैबाट कुनै किसिमको अनुचित लाभ ग्रहण गर्न वा पेशागत आचरण एवम् मान्यता विपरीत हुने कुनै काम कारबाही गर्नु हुँदैन ।

८४. सूचना र समाचार सम्प्रेषण गर्दा, प्रकाशन गर्दा वा प्रसारण गर्दा कसैप्रति कुनै किसिमले भेदभाव दर्शाउने वा हिंसालाई उक्साउने खालको भाषाको प्रयोग गर्न र विभिन्न जातजाति, धर्म, लिङ्ग, भाषा र सम्प्रदाय बीचको सम्बन्ध र सद्भावमा कुनैपनि किसिमबाट खलल पर्ने गरी सम्प्रेषण गर्न, प्रकाशन गर्न र प्रसारण गर्न हुँदैन ।

८५. निर्वाचनमा विभिन्न जात जाति, धर्म, लिङ्ग, भाषा र सम्प्रदायको सहभागिता अभिबृद्धि हुनेगरी सूचना र समाचार सम्प्रेषण गर्नु पर्नेछ ।

८६. कुनै गलत वा भ्रामक सूचना वा समाचार, सम्प्रेषण,

प्रकाशन वा प्रसारण हुन गएमा सम्बद्ध सञ्चार माध्यम तथा सञ्चारकर्मीले त्यस्तो सूचना वा समाचार तुरुन्त सच्याउनु पर्नेछ । सरकारी स्वामित्वका सञ्चार माध्यमको आचरणः

८७. कुनैपनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सम्पादकीय लेख्न र प्रसारण गर्न हुँदैन ।

८८. राजनीतिक दल वा उम्मेदवारलाई मतदाता माझ आफ्नो विचार, नीति तथा कार्यक्रम अभिव्यक्त गर्न मनासिव अवसर दिनु पर्नेछ ।

८९. निर्वाचन तथा मतदाता शिक्षासम्बन्धी सामग्री प्रकाशन तथा प्रसारण गर्न प्राथमिकता दिनु पर्नेछ । निःशुल्क प्रसारण सुविधा

९०. संविधानसभा सदस्यको निर्वाचनमा भाग लिने राजनीतिक दलको नीति तथा कार्यक्रम प्रचारप्रसारको प्रयोजनको लागि आयोगले सो दललाई सो दलले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा खडा गरेको कुल उम्मेदवारको अनुपातमा रेडियो र टेलिभिजन प्रसारण सेवामा निःशुल्क समय उपलब्ध गराउनेछ ।

९१. आयोगले दफा ९० बमोजिमको समय उपलब्ध गराउँदा देहाय बमोजिमको तीन चरणमा उपलब्ध गराउनेछ :-

क) पहिलो चरणमा राजनीतिक दलको घोषणापत्र सार्वजनिक गर्नको लागि पाँचदेखि बीस मिनेटसम्म रेडियो प्रसारण सेवामा,

ख) दोस्रो चरणमा निर्वाचन प्रसारको लागि दुईदेखि पाँच मिनेटसम्म टेलिभिजन प्रसारण सेवामा, र

ग) तेस्रो चरणमा प्रत्येक राजनीतिक दललाई अभिमतको लागि अन्तिमरूपमा आव्हान गर्न दफा ९३ बमोजिमको मौन अवधि शुरू हुनुअघि एक एक मिनेट टेलिभिजन प्रसारण सेवामा ।

९२. दफा ९१ मा उल्लिखित चरणमा प्रसारण गरिने सामग्री सम्बन्धित दलले तयार गरी सम्बन्धित प्रसारण सेवालाई दिनु पर्नेछ ।

९३. मौन अवधिमा प्रचार-प्रसार गर्न नहुने : आम सञ्चार माध्यमले मौन अवधिमा कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको प्रचार-प्रसार हुने गरी सूचना वा समाचार सम्प्रेषण, प्रकाशन र प्रसारण गर्नु हुँदैन ।

तर आयोगले प्रवाह गरेको सूचना तथा समाचार सम्प्रेषण, प्रकाशन वा प्रसारण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन,

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "मौन अवधि" भन्नाले मतदान हुने दिनको अघिल्लो अठचालीस घण्टा देखि मतदानको दिन अन्तिम मतदान केन्द्र बन्द नहुन्जेलको समय सम्झनु पर्छ ।

९४. अभिलेख राख्नु पर्ने : आम सञ्चार माध्यमले निर्वाचनको सम्बन्धमा प्रकाशन वा प्रसारण गरेका प्रत्येक सूचना र समाचार त्यसरी प्रकाशन वा प्रसारण भएको मितिले पैंतीस दिनसम्म सुरक्षित राख्नु पर्नेछ ।

९५. सूचना तथा समाचार सम्प्रेषणको अनुगमन गर्ने :

(१) आयोगले आम सञ्चार माध्यमहरूबाट सम्प्रेषण, प्रकाशन र प्रसारण भएका निर्वाचन प्रचार-प्रसारसम्बन्धी सूचना र समाचारको नियमित अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा कुनै समाचारको सम्प्रेषण, प्रकाशन वा प्रसारणबाट आचार संहिताको उल्लङ्घन भएको देखिएमा त्यस्तो सूचना वा समाचार सच्याउन आयोगले सम्बन्धित सञ्चार माध्यमलाई निर्देशन दिनेछ ।

(३). उपदफा (२) बमोजिमको निर्देशन प्राप्त भएपछि सम्बन्धित सञ्चार माध्यमले त्यस्तो सूचना सच्याउनु पर्नेछ ।

## परिच्छेद-६

### निर्वाचन खर्च सम्बन्धी व्यवस्था

९६. निर्वाचन खर्चको अधिकतम सीमा :

(१) निर्वाचनको खर्चको अधिकतम सीमा अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको उम्मेदवारले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-२ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्चको विवरण निर्वाचन परिणामको घोषणा भएको मितिले पैंतीस दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन

कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिएका राजनीतिक दलले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-२ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्च सम्बन्धी विवरण अनुसूची-४ बमोजिमको ढाँचामा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पैंतीस दिन भित्र निर्वाचन आयोग समक्ष बुझाउनु पर्नेछ ।

(४) प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु, गराउनु पर्नेछ ।

## परिच्छेद - ७

### आचारसंहिताको कार्यान्वयन तथा अनुगमन

९७. अनुगमन टोली गठन गर्न सक्ने :

(१) यो आचार संहिताको पालना भए नभएको जाँचवुझ वा अनुगमन गर्न आयोगले आवश्यकता अनुसार अनुगमन टोली वा अन्य संयन्त्र गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन टोली वा संयन्त्र गठन भएकोमा त्यस्तो टोली वा संयन्त्रले जाँचवुझ वा अनुगमन सम्बन्धी प्रतिवेदन आयोगले तोकिदिएको अवधिभित्र आयोगसमक्ष पेश गर्नु पर्नेछ ।

९८. आचारसंहिता उल्लङ्घनको सूचना वा जानकारी दिन सकिनेः

(१) यो आचारसंहिताको उल्लङ्घन भएको थाहा पाउने राजनीतिक दल, उम्मेदवार वा अन्य कुनै व्यक्ति वा संस्थाले आयोग, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय वा दफा ९७ बमोजिमको अनुगमन टोली वा संयन्त्रमा जानकारी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना वा जानकारीबाट वा अन्य कुनै स्रोतबाट आचारसंहिताको उल्लङ्घन भएको थाहा भएमा आयोग, सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सो सम्बन्धमा जाँचबुझ गर्नेछ ।

तर आचार संहिताको उल्लङ्घन तत्काल रोक्नु पर्ने प्रकृतिको देखिएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, राजनीतिक दल वा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, आम सञ्चारका माध्यम लगायत अन्य संघसंस्था वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्न तत्काल आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको जाँचवुझबाट आचार संहिताको उल्लङ्घन भएको देखिएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, आम सञ्चारका माध्यम लगायत अन्य संघ संस्था वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) को आदेशबमोजिमको काम नभएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा मतदान अधिकृतले स्थानीय प्रशासन र प्रहरीको सहयोग लिई आचार संहिताको पालना गर्न लगाउनेछ ।

(५) आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले उपदफा (४) बमोजिम माग गरेको सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ ।

(६) निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले आचार संहिताको उल्लंघन सम्बन्धी उजुरी र सोको कार्यान्वयनसम्बन्धी विवरण निर्वाचन आयोगमा तुरून्त पठाउनु पर्नेछ ।

(७) यो आचारसंहिता पालना गर्नुपर्ने निकाय,

अधिकारी, संस्था वा व्यक्तिले पालना नगरेमा सोको जानकारी आयोगले सञ्चार माध्यममार्फत सर्वसाधारणलाई जानकारी गराउनेछ ।

(८) कर्मचारीले आचारसंहिता उल्लङ्घन गरेमा निर्वाचन अधिकृत वा मतदान अधिकृतले आवश्यक कारवाहीका लागि सोझै वा जिल्ला निर्वाचन कार्यालयमार्फत निर्वाचन आयोगमा लेखि पठाउनुपर्ने छ ।

## परिच्छेद - ८

### विविध

९९. प्रहरी प्रशासनलाई सूचना वा लिखित उजुरी दिनुपर्ने : कुनै राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिले निर्वाचन प्रचार-प्रसार गर्दा कुनै व्यक्ति वा समूहले त्यस्तो प्रचार-प्रसारमा बाधा अवरोध पुऱ्याएमा त्यस्ता व्यक्ति वा समूहउपर प्रचलित कानूनबमोजिम कारवाही गर्न त्यस्तो दल, उम्मेदवार र व्यक्तिले स्थानीय प्रहरी प्रशासनलाई सूचना वा लिखित उजुरी दिनुपर्नेछ । त्यस्तो व्यक्ति उपर आफैंले कुनै किसिमको कारवाही गर्नु हुँदैन ।

१००. प्रचार-प्रसार लैंगिकमैत्री तथा फरक किसिमले सक्षम व्यक्तिमैत्री हुनुपर्नेः

(१) निर्वाचन प्रचार-प्रसार गर्दा लैंगिकमैत्री तथा फरक किसिमले सक्षम व्यक्तिहरूप्रति संवेदनशील भएर गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि महिला तथा फरक किसिमले सक्षमता भएका उम्मेदवारको आत्म सम्मानमा ठेस पुग्ने तथा चरित्र हत्या गर्ने काम गर्नु हुदैन ।

१०१. मत सर्वेक्षण गर्न गराउन नहुने : कसैले पनि उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदानको कार्य समाप्त नभएसम्म कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको परिणामका सम्बन्धमा मत सर्वेक्षण गर्न र उम्मेदवारको मनोनयन दर्ता हुनुअघि नै यस्तो मत सर्वेक्षण गरिएको रहेछ भने उम्मेदवारको मनोनयन दर्ता भएपछि मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो मत सर्वेक्षणको परिणाम समेत प्रकाशन गर्नु हुँदैन ।

१०२. अनुगमनसम्बन्धी विवरण प्रकाशन गर्नुपर्ने : आयोगले यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा गरेको अनुगमन सम्बन्धी विवरण सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

१०३. बाधा अड्काउ फुकाउन सक्ने : यो आचार संहिताको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा आयोगले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०४. खारेजी : संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ खारेज गरिएको छ ।

**द्रष्टव्यः** आचारसंहिता उल्लंघन गरेमा हुने सजाय (निर्वाचन आयोग ऐन, २०६३ को दफा २९) कसैबाट आचारसंहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा त्यस्तो काम तुरून्त रोक्न वा बदर गर्नको लागि निर्वाचन आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिनेछ र त्यस्तो आदेशबमोजिम काम कारवाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रूपैयाँ सम्म जरिवाना गर्न सक्ने एवम् आचार संहिताको उल्लङ्घन गरेको कारणवाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरवाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने ।

निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गरेमा वा खर्चको विवरण आयोग समक्ष पेश नगरेमा आयोगले निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने दायीत्व भएको व्यक्तिलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्न सक्ने र खर्चको लेखा परीक्षण प्रतिवेदनको आधारमा अनुचित तबरले खर्च गरेको देखिएमा त्यस्तो व्यक्तिलाई तत्काले देखि लागू हुने गरी बढीमा ६ बर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी आयोगले निर्णय गर्न सक्ने र यसरी निर्णय गरेकोमा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वतः बदर हुने (निर्वाचन आयोग ऐन, २०६३ को दफा ३१) ।

# राष्ट्रिय पर्यवेक्षकहरुका लागि संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७०

प्रस्तावना : स्वतन्त्र,स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनिय ढंगवाट संबिधान सभाको निर्वाचन सम्पन्नगर्नको लागि पर्यवेकक्षकहरूले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सरोकारवालाहरूसंग परामर्श गरी देहायको आचार संहिता बनाएको छ । आयोगबाट पर्यवेक्षणका लागि अनुमति प्राप्त सबैलाई यो आचार संहिता लागू हुनेछ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस आचार संहिताको नाम "राष्ट्रिय पर्यवेक्षकहरूका लागि संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७०" रहेको छ ।

(२) यो आचार संहिता निर्वाचन आयोगबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा :

(क) "निर्वाचन" भन्नाले संवत् २०७० साल मंङ्सिर ४ गते हुने संविधान सभा सदस्यको निर्वाचनसम्झनु पर्छ ।

(ख) "निर्वाचन पर्यवेक्षण" भन्नाले संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण कार्यलाई सम्झनु पर्छ ।

(ग) "पर्यवेक्षण संघ/संस्था" भन्नाले संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षणका लागि आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त संघ/संस्था सम्झनु पर्छ ।

(घ) "पर्यवेक्षक" भन्नाले संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्न आयोगबाट पर्यवेक्षक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ङ) "आयोग" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

३) आचार संहिता लागु हुने निकाय, संस्था र व्यक्ति : यो आचार संहिता आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त संघसंस्था र पर्यवेक्षक परिचयपत्र प्राप्त व्यक्तिलाई लागु हुनेछ ।

**परिच्छेद-२**

राष्ट्रिय पर्यवेक्षकहरूको अधिकार र पालना गर्नुपर्ने आचरण

४) पर्यवेक्षकहरूको अधिकार : राष्ट्रिय पर्यवेक्षकहरूलाई देहाय अनुसारको अधिकार प्राप्त हुनेछ :

१. पर्यवेक्षकहरूले निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध सबै पक्षसँग निर्वाचन सम्बन्धी विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्न सक्नेछन्,

२. पर्यवेक्षकहरूले पर्यवेक्षण आचारसंहिता अन्तर्गत रही निर्वाचन सम्बन्धी विषयमा स्पष्ट हुन पाउनेछन् ।

३. पर्यवेक्षकहरूले निर्वाचन आयोग वा मातहतका अधिकारीहरूबाट जारी गरिएको अधिकार क्षेत्र सम्बन्धी जानकारी पाउन सक्नेछन् ।

४. पर्यवेक्षकहरूले निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवत जावत, संवेदनशील निर्वाचन सामाग्रीहरु (मतपेटिका, मतपत्र आदि) को ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम र सञ्चार माध्यमहरूमा पहुँच आदि कुराको पर्यवेक्षण गर्न सक्नेछन्,

५. पर्यवेक्षकहरूले निर्वाचन सम्बन्धी प्रक्रियाको विभिन्न चरणमा तोकिए अनुसार राजनीतिक दलहरूको सहभागिता रहे/नरहेको विषय बारे थाहा पाउन सक्नेछन्,

६. पर्यवेक्षकले निर्वाचन सम्बन्धमा परेको कुनै पनि उजुरी वा गुनासो बारे जानकारी पाउन सक्नेछन्,

७. पर्यवेक्षकले मतदान केन्द्रको गोप्य कक्षमा बाहेक मतदान अधिकृतको अनुमति लिएर मतदान केन्द्रभित्र प्रवेश पाउन सक्नेछन्,

८. पर्यवेक्षकहरूले मतगणना स्थलमा निर्वाचन अधिकृतको अनुमति लिएर प्रवेश पाउन सक्नेछन्,

९. पर्यवेक्षकहरूले निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रिया सम्बन्धी जानकारी लिन पाउन सक्नेछन,

१०. पर्यवेक्षकहरूले पर्यवेक्षणको क्रममा आफूले प्राप्त गरेको अनुभव आदान-प्रदान गर्न सक्नेछन्,

११. पर्यवेक्षकहरूले चाहेमा निर्वाचन अधिकृतले तोकेबमोजिम मतपेटिका राखेको स्थलमा (मतदान कार्य समाप्त भई निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका ल्याइसके पछि) बस्न पाउनेछन् ।

५) राष्ट्रिय पर्यवेक्षकहरूले पालना गर्नुपर्ने आचरण : संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्दा पर्यवेक्षकहरूले देहायका आचरणको पालना गर्नुपर्नेछ :

१. पर्यवेक्षकले पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनुपर्नेछ ।

२. मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा पर्यवेक्षकले शिष्टाचारका नियमहरूको पालना गर्नुपर्नेछ ।

३. पर्यवेक्षकले आफूलाई अनुमति प्राप्त क्षेत्रको मात्र पर्यवेक्षण गर्नुपर्नेछ ।

४. पर्यवेक्षकले निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कुनै कार्य गर्न हुँदैन । आयोगका अन्य पदाधिकारीहरु, निर्वाचन कार्यमा संलग्न कर्मचारीहरु लगायत मतदाताहरूको सम्मान गर्नु पर्नेछ ।

५. पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गर्दा स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठतापूर्वक गर्नु पर्नेछ । कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्नु हुँदैन ।

६. पर्यवेक्षकले निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु, गराउनु हुँदैन ।

७. कुनै राजनैतिक दल वा स्वतन्त्र उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकहरूले चिन्ह, व्याच लगाउन वा अन्य कुनै माध्यमद्धारा प्रचारप्रसार वा प्रदर्शन गर्न गराउन हुदैंन ।

८. पर्यवेक्षकले निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई अनावश्यक सल्लाह दिन, सूचना प्रदान गर्न र कानूनको व्याख्या गर्न हुंदैन ।

९. पर्यवेक्षकले मतदान केन्द्रमा उठेको विवाद समाधान गर्न, निर्वाचन परिणाम प्रमाणित गर्न वा प्रमाण लाग्ने किसिमले वक्तव्य प्रकाशन गर्न गराउन हुँदैन ।

१०. पर्यवेक्षकले कुनै मतदान केन्द्रमा मतदान भईरहेको समयमा मतदान कार्यलाई असर पर्ने किसिमको कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न गराउन हुंदैन ।

११. पर्यवेक्षकले निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूको कर्तव्य पालनामा असर पार्ने गरी कुनै किसिमको बाधा अड्चन उत्पन्न हुने कुनै कार्य गर्न गराउन हुंदैन ।

१२. पर्यवेक्षकले मतदान केन्द्रभित्र मतदान अधिकृतको अनुमति लिएर तोकिएको अवधिभित्र मात्र पर्यवेक्षण गर्नुपर्नेछ ।

१३. सुरक्षा संवेदनशीलताको कारण निषेध गरिएका स्थान र मतदान केन्द्रहरूको

पर्यवेक्षण गर्नु हुदैन ।

१४. पर्यवेक्षकले पर्यवेक्षण गर्न जाँदा मतदान अधिकृतबाट अनुमति लिएर कामसँग सम्बन्धित उपकरण मात्र प्रयोग गर्नुपर्छ ।

१५. पर्यवेक्षकले आवश्यक भएमा मतदातासँग सामान्य जानकारी लिन सक्नेछन् । तर मतदाताको गोप्यता भङ्ग हुने वा मतदानको स्वच्छता र निष्पक्षतामा आँच आउने एवम् मतदान कार्य वा क्षेत्रमा वाधा उत्पन्न हुने किसिमबाट कुनै कार्य गर्न पाउने छैनन् ।

१६. मतदाताले मतसङ्केत गरेको अवस्थाको बाहेक निर्वाचन अधिकृत/मतदान अधिकृतले स्वीकृति दिएमा मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियाको तस्वीर खिच्न पाउनेछन ।

१७. पर्यवेक्षकले चाहेमा मतगणना प्रक्रिया एवम् मतपेटिकाको सम्बन्धमा निर्वाचन अधिकृतबाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन् ।

१८. पर्यवेक्षकले निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्नु गराउनु हुंदैन ।

१९. पर्यवेक्षकले निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधान बारे सञ्चार माध्यमहरूमा टिका टिप्पणी गर्न पाउने छैनन् तर ती प्रावधानहरू पालना गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आफ्नो प्रतिवेदनमा औंल्याउन पाउने छन् ।

२०. पर्यवेक्षकले पर्यवेक्षणको क्रममा कुनै मतदान केन्द्र वा वरिपरि कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई मतदाताहरूलाई मतदानबाट बञ्चित गर्ने कार्य आदि भएको महसुस गरेमा सो सम्बन्धी जानकारी तुरून्त निर्वाचन अधिकृत/मतदान अधिकृत/निर्वाचन आयोगलाई गराउनु पर्नेछ ।

२१. पर्यवेक्षकले आफूलाई चाहिने साधन र श्रोतको व्यवस्था आफैं मिलाउनु पर्दछ । तर हलुका सवारी साधनको अनुमति आवश्यकता अनुसार निर्वाचन अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

२२. पर्यवेक्षकले पर्यवेक्षण अवधिमा संकलन गरेका सूचनाहरु वास्तविक, सत्य र वस्तुनिष्ठ हुनु पर्नेछ ।

२३. पर्यवेक्षकले निर्वाचन पर्यवेक्षणको समीक्षा गर्दा वा प्रतिवेदन दिंदा निर्वाचन प्रक्रियामा प्रभाव पार्ने समग्र तथ्य र कारणहरूको विश्लेषण गरी यथार्थपरक र फराकिलो ९च्भबष्कितष्अ, बअअगचबतभ बलम अफउचभजभलकष्खभ० दृष्टिकोण राख्नु पर्नेछ ।

२४. मतदान कार्य पूरा भएको ३० दिनभित्र प्रारम्भिक प्रतिवेदन र ९० दिन भित्र अन्तिम प्रतिवेदन अनिवार्य रूपमा निर्वाचन आयोगमा बुझाउनु पर्नेछ ।

## परिच्छेद ३
## आचार संहिताको कार्यान्वयन र अनुगमन

६) अनुगमन टोली गठन गर्न सक्ने :

(१) यो आचार संहिताको पालना भए नभएको जाँचबुझ वा अनुगमन गर्न आयोगले आवश्यक ठानेमा अनुगमन टोली वा अन्य संयन्त्र गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन टोली वा संयन्त्र गठन भएकोमा त्यस्तो टोली वा संयन्त्रले जांचबुझ वा अनुगमन सम्बन्धी प्रतिवेदन तोकिएको अवधिभित्र आयोग समक्ष पेश गर्नुपर्नेछ ।

७) वाधा अडकाउ फुकाउन सक्ने : यो आचार संहिताको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आई परेमा आयोगले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

८) पर्यवेक्षकको अधिकार तथा पालना गर्नुपर्ने आचारसंहिता २०६४ खारेज गरिएको छ ।

# पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएका संघसस्थाहरुः

**आयोगको मिति २०७०/६/१ र २०७०/६/४ को निर्णय वमोजिम आगामी संविधानसभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएका संघसस्थाहरूको विवरण देहाय बमोजिम रहेको छ ।**

(क) आयोगवाट मिति २०७०।६।१ मा आगामी संविधान सभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति पाएका संघ/सस्थाहरू ।

| सि.नं. | संघ/संस्थाको नाम | संस्था प्रमुखको नाम |
|---|---|---|
| १. | राष्ट्रिय मानव अधिकार सरोकार केन्द्र, डिल्लीबजार | विश्व प्रकाश भण्डारी |
| २. | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), ललितपुर-१०, कुपण्डोल | सूर्य प्रसाद श्रेष्ठ |
| ३. | हिम गंगा ग्रामिण विकास केन्द्र, काठमाण्डौं | विजय कु. बस्नेत |
| ४. | नेपाल ग्रामीण विकास तथा वातावरण संरक्षण परिषद्, काठमाण्डौं | शोभा कुमारी पौडेल |
| ५. | निर्वाचन पर्यवेक्षण समिति, नेपाल, बुद्धनगर | प्रदिप पोखरेल |
| ६. | आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक), बबरमहल | हिमालय शम्शेर राणा |
| ७. | ब्रह्माण्डीय शान्ती संघ नेपाल, नक्साल | नारायण शर्मा गजुरेल |
| ८. | मानव अधिकार तथा शान्ति सरोकार समाज, काठमाडौं | शालिकराम काफ्ले |
| ९. | न्यूज क्लव अफ नेपाल, पुतली सडक | ध्रुव कुमार मैनाली |
| १०. | निर्वाचन पर्यवेक्षण मञ्च, नेपाल, कोटेश्वर | मातृका प्रसाद भट्टराई |
| ११. | मामांखे समाज नेपाल काठमाडौं, बागबजार | डिल्लीराज लिम्बु (मादी) |
| १२. | राष्ट्रिय निर्वाचन पर्यवेक्षण परिषद (निकोन) नेपाल, अनामनगर | सुदिप पाठक |
| १३. | ग्रामीण विकास अभियान (रूडेक), नेपाल, धादिङ्ग | सन्तोष सिमखडा |
| १४. | समाज परिवर्तनको लागि एकता, ललितपुर | पुरूषोत्तम आचार्य |
| १५. | इन्टरनेसनल सेन्टर फर एजुकेसन कल्चरल इकोनोमिक्स एण्ड टेक्नोलोजिकल एक्सचेन्ज, ललितपुर | अनु कार्की |
| १६. | निर्वाचन पर्यवेक्षण संयुक्त मञ्च (केओफ) नेपाल, बालुवाटार | डा. पूणैकान्त अधिकारी |
| १७. | राष्ट्रिय व्यवसायिक पहल (NBI), कान्तिपथ | पद्म ज्योती |
| १८. | सुशासन संघ नेपाल, लेले | दिक्षा डोटेल |
| १९. | मानव विकास तथा जागरण मञ्च, बालाजु | विनिता देवी पन्त |
| २०. | लोकतन्त्र र निर्वाचन पर्यवेक्षण नेपाल (DEW Nepal), वालुवाटार | प्रा.डा. नवल किशोर राई |
| २१ | निर्वाचन सरोकार नेपाल, नुवाकोट | कृष्ण प्रसाद कुईकेल |
| २२. | नेपाल मानव अधिकार जागरण मञ्च, बागवजार | लोकवहादुर खत्री |
| २३ | मानव अधिकार महिला तथा कानून, काठमाडौं | राजकुमार थापा |
| २४. | थेचम्वु कावेली सेवा समाज, कोटेश्वर | शिव कुमार लिम्वु |
| २५. | राष्ट्रिय युवा महासंघ नेपाल, अनामनगर | कविन्द्र वुर्लाकोटी |
| २६. | स्वाधिन सुत्र नेपाल, वालुवाटार | गणेश राज शर्मा |
| २७. | श्रोता (लिस्नर्स) क्लव नेपाल, मैतिदेवि | ओम प्रकाश सुवेदी |
| २८. | नेपाल निर्वाचन पर्यवेक्षण सञ्जाल, अनामनगर | मिन वहादुर वस्नेत |

| | | |
|---|---|---|
| २९. | नेपाल ग्रामिण पूननिर्माण संस्था, गैरीधारा | डा. प्रविण मानन्धर |
| ३०. | नेपाल इलेक्सन वाच (न्यू), लाजिम्पाट | सूर्य किरण गुरूङ्ग |
| ३१. | जन उत्थान प्रतिष्ठान, जावलाखेल | अमृत विश्वकर्मा |
| ३२. | Asian Network For Free Election (ANFREL),Thailand | |
| ३३ | Carter Centre, Atlanta Gorgia | |

(ख) आयोगवाट मिति २०७०।६।४ मा आगामी संविधान सभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति पाएका संघ/सस्थाहरू ।

| सि.नं. | संघ/संस्थाको नाम | संस्था प्रमुखको नाम |
|---|---|---|
| ३४. | नागरिक अभियान नेपाल, काठमाण्डौं | डा. हिरा प्र. ढकाल |
| ३५. | राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल, भृकुटीमण्डम | सुदर्शन सुवेदी |
| ३६. | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), कलंकी | सुबोधराज प्याकुरेल |
| ३७. | मानव अधिकार एलाईन्स, नयाँबानेश्वर | गणेश वि.के. |
| ३८. | गुड न्यूज मिसन, सातदोबाटो | शंकर दत्त भट्ट |
| ३९. | तीनपाटन सरोकार समिति, काठमाडौं | रामेश्वर प्रसाद घिमिरे |
| ४०. | संकल्प, शान्ति न्याय र लोकतन्त्रका लागि समावेशी महिला सञ्जाल, ललितपुर | चन्द्रा देवी राई श्रेष्ठ |
| ४१. | सामुदायिक विकास मञ्च, तिनथाना | एम.वि.राउत |
| ४२. | नेपाल जेसिज, थापाथली | भोलेश्वर दुलाल |
| ४३ | मानव अधिकार तथा शान्ति समाज, कालिकास्थान | होमकान्त चौलागाई |
| ४४. | मानव अधिकार तथा शान्ति प्रतिष्ठान (मा.शा.प्र.), नेपाल, नयाँ वजार | मान वहादुर थापा |
| ४५. | एकिकृत विकास नेपाल (आई.डी.नेपाल),कोटेश्वर | सुदाम प्रसाद गौतम |
| ४६. | नागरिक अनुगमन समाज, बालकुमारी | शालिकराम खनाल |
| ४७. | अपराध र आतंकवाद विरूद्ध अभियान नेपाल (MACAT-Nepal), डिल्ली वजार | विकास लकाई खड्का |
| ४८. | विश्वपरिदृश्य (World View), नेपाल, ललितपुर | विजय देव भट्ट (कार्यकारी प्रमुख) |
| ४९. | मधेश मानव अधिकार आँखा, बबरमहल | वालदेव शाह |

(ग) जिल्लास्थित निर्वाचन कार्यालयहरूमा दर्ता भई आयोगमा प्राप्त हुन आएका आवेदनहरू मध्ये आयोगबाट मिति २०७०।६।१० मा आगामी संविधान सभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति पाएका संघ/सस्थाहरू ।

| सि.नं. | संघ/संस्थाको नाम | संस्था प्रमुखको नाम |
|---|---|---|
| १. | जनकपुर उत्थान केन्द्र , धनुषा | मनोज कुमार शाह |
| २. | तराइ निर्वाचन पर्यवेक्षण मञ्च, कपिलवस्तु | रविन्द्र थान ठाकुर |
| ३. | दिगो कृषि तथा वातावरण र जलस्रोत संरक्षण केन्द्र (सेवक) दैलेख | महारूप खत्री |
| ४. | सामाजिक सेवा केन्द्र (सोसेक),दैलेख | हिरासिंह थापा |

# निर्वाचन सम्बन्धी छोटा समाचारहरू

## नीति विपरित काम गर्ने संस्था कालो सूचिमा राखिने

निर्वाचन आयोगले निर्वाचनको पर्यवेक्षण गर्ने व्यक्ति कुनै राजनीतिक दलमा आबद्ध हुन नहुने बताउँदै यदि राजनीतिक दलको सदस्य भएको फेला परेमा आजीवन कालोसूचीमा राख्ने निर्णय गरेको छ । आयोगको भाद्र १३ गते बसेको पदाधिकारी बैठकले आगामी निर्वाचनमा पर्यवेक्षण गर्ने व्यक्ति दलको सदस्यता लिएको भेटिए खटाउने संघसंस्थालाई आजीवन कालोसूचीमा राख्ने निर्णय गरेको हो । राजनीतिक दलको सदस्यता लिने कुनै पनि पर्यवेक्षक संस्थालाई आजीवन पर्यवेक्षक बन्न रोक्ने गरी यस्तो निर्णय गरिएको आयोगका पदाधिकारीले जानकारी दिए । सो निर्णयमा निर्वाचन पर्यवेक्षक गर्ने निकाय कुनै राजनीतिक दल आबद्ध भएको पाइए त्यो संस्थाको पर्यवेक्षक परिचयपत्र रद्द गर्ने र निर्वाचन आयोगको नेगेटिभ अभिलेखमा राखिने कुरा उल्लेख छ ।

त्यस्ता संस्थाको नाम कालोसूचीमा रहिरहने भएका कारण अन्य निर्वाचनहरूमा वञ्चित गरिने गरी आयोग पदाधिकारीको यो निर्णय आन्तरिक प्रयोजनका लागि भन्दै गोप्य राखिएको छ । अघिल्लो संविधानसभा निर्वाचनमा पर्यवेक्षण गर्न अधिकांश संस्थाले दलीय सदस्य र झण्डा बोकेर पर्यवेक्षण संस्थाकारूपमा आएको आयोगले निर्वाचनपछि जानकारी पाएपछि यस पटकदेखि पर्यवेक्षण संस्थामाथि पहिल्यै कडा निगरानी गरी परिचयपत्र रद्द र कालोसूचीमा राख्ने सम्मका कार्य गर्न लागेको हो ।

---

## जापानद्वारा १५ करोडको सामाग्री सहयोग

जापान सरकारले दोस्रो संविधानसभा निर्वाचनका लागि झण्डै १५ करोड रूपैयाँ बराबरको सामाग्री सहयोग गरेको छ । कार्यावाहक राजदूत सुइची साकाकाबराले आयोगका सचिव नरेन्द्र दाहाललाई उक्त सहयोग हस्तान्तरण गरेका थिए । जापान सरकारले प्रदान गरेको सामाग्रीमा २० हजार वटा ठूला मतपत्र बाकस, मतपत्र बाकस स्टिकर, सेक्युरिटी सिल र बार छन् ।

## निर्वाचनका लागि चीनबाट १६ किसिमका सामग्री प्राप्त

चीन सरकारले आगामी मङ्सिर ४ गते हुने संविधानसभा निर्वाचन प्रयोजनका लागि १६ किसिमका सामाग्री उपलब्ध गराएको छ । नेपाल सरकार र चीन सरकारबीच भएको सहमतिअनुसार चीनबाट निर्वाचनका लागि सहयोगस्वरूप प्रदान गरिएका ती सामाग्री निर्वाचन आयोगलाई प्राप्त भएको हो । चीन सरकारबाट प्राप्त भएका ती अधिकांश सामग्रीहरू मतदान केन्द्रका लागि प्रयोग हुने ल्यापटप कम्प्युटर, पञ्चिङ मेसिन, पेपर वेट, मसी, घडी लगायत छन् ।

# निर्वाचन सुरक्षामा झण्डै २ लाख सुरक्षाकर्मी

सरकारले आगामी संविधानसभाको निर्वाचनमा मतदाताले निर्भयका साथ मतदान गर्न पाउने वातावरणको प्रबन्ध मिलाउन कार्तिक ३ गतेदेखि सेनासहित सुरक्षाकर्मी खटाएको छ । एकीकृत सुरक्षा योजना अन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग निर्वाचन सुरक्षा प्रबन्धका लागि खटाइएका छन् ।

जसअन्तर्गत नेपाल प्रहरी र निर्वाचन प्रयोजनका लागि भर्ना गरिएका म्यादी प्रहरीले मतदान केन्द्रको भित्री सुरक्षा गर्नेछन् । दोस्रो तहको सुरक्षा घेराको जिम्मेवारी सशस्त्र प्रहरी बलले लिनेछ । सो बलले नेपाल प्रहरी र नेपाली सेनासँग समन्वय गरी सहयोगीको भूमिका निर्वाह गर्नेछ । नेपाली सेनाले भने सुरक्षा घेराको बाहिरी तहमा रहेर सुरक्षाको महत्वपूर्ण जिम्मेवारी सम्हाल्ने छ । निर्वाचन प्रयोजनका लागि नेपाली सेना मुलुकका २४० वटै निर्वाचन क्षेत्रमा परिचालन गरिएका छन् ।

सेनाका प्रवक्ता सहायक रथी जगदीशचन्द्र पोखरेलका अनुसार सो क्रममा सुरक्षाका हिसाबले अति संवेदनशील, संवेदनशील र सामान्य देखिएका निर्वाचन क्षेत्रमा आवश्यकतानुसार सेनानीको नेतृत्वमा १०० जनाको गुल्म र सहसेनानीको नेतृत्वमा ४० जना जनशक्ति रहेको प्लाटुन परिचालन हुनेछ । निर्वाचन प्रयोजनका लागि नेपाली सेनाका ६२ हजार जनशक्ति परिचालन हुनेछन् भने त्यसको 'चेन अफ कमान्ड' जङ्गी अड्डाले गर्नेछ । सुरक्षाका हिसाबले अति महत्वपूर्ण र महत्वपूर्ण रहेका निर्वाचन क्षेत्रमा तीनवटै सुरक्षा निकायको सुरक्षा घेरा रहने छन् । सामान्य मानिएका निर्वाचन क्षेत्रमा भित्री घेरामा नेपाल प्रहरी र अरू जिम्मेवारी नेपाली सेनाले लिने बताइएको छ । सुरक्षित र भयरहित वातावरणमा निर्वाचन कार्यलाई सम्पन्न गर्न मतदानको तीन दिनअघि मतदान केन्द्र नजिक रणनीतिक विन्दु कायम गरी सुरक्षा प्रबन्धसहित सेना परिचालन हुनेछ । सेनाले तीनवटै सुरक्षा निकायसँग समन्वय गरी सूचना आदानप्रदान गर्ने बताइएको छ । यसका अतिरिक्त सेनाले आपतकालीन उद्धार, जगेडा जनशक्ति परिचालन, हेलिकप्टरको व्यवस्थापन, मतपेटिका र मतपत्र ढुवानी, हवाई वेस क्याम्प स्थापना लगायतका काममा पनि महत्वपूर्ण भूमिका खेल्नेछ । त्यसका लागि नेपाली सेनाले जिल्ला, बाहिनी, पृतना र जङ्गी अड्डामा तुरून्तै क्षेत्रगत तथा जुनसुकै ठाउँमा पनि परिचालन गर्नसक्ने जगेडा जनशक्ति पनि तयारी अवस्थामा राख्ने छ ।

नेपाल प्रहरीका ४८ हजार र म्यादी ४५ हजार गरी नेपाल प्रहरी मातहत रहने ९३ हजार जनशक्ति मतदान केन्द्रको भित्री सुरक्षाका अतिरिक्त उम्मेदवार र मतदाताको सुरक्षाका लागि खटिने नेपाल प्रहरीका प्रवक्ता नवराज सिलवालले जानकारी दिएका छन् ।

त्यस्तै निर्वाचन प्रयोजनका लागि सशस्त्र प्रहरी बलबाट २९ हजारभन्दा बढी जनशक्ति खटिने बताइएको छ । प्रवक्ता सिंहबहादुर श्रेष्ठका अनुसार सशस्त्र प्रहरी बलका ६० जिल्लामा रहेका सुरक्षा शिविरबाट निर्वाचनका लागि जनशक्ति खटिने छन् । यो जनशक्तिले अन्य सुरक्षा निकायसँग समन्वय गरी सहयोगीको भूमिका निर्वाह गर्ने बताइएको छ ।

निर्वाचनको सुरक्षाका लागि स्थानीय तहमा जिल्ला सुरक्षा समिति रहने छ । गृहमन्त्रीको अध्यक्षतामा केन्द्रीय सुरक्षा समितिको व्यवस्था गरिएको छ ।

# पर्यवेक्षण गर्ने संस्थाले सुगम ठाउँमात्र गर्न नपाइने

निर्वाचन आयोगले सहज र सुविधायुक्त ठाउँमा मात्र पर्यवेक्षण गर्न जाने प्रवृत्तिलाई निरूत्साहित गर्न पर्यवेक्षण गर्ने संस्थाहरूले देशभर हिमाल, पहाड, तराई गरी कम्तीमा १ सयओटा केन्द्रमा अनिवार्य परीक्षण गर्नुपर्ने प्रावधान राखेको छ ।

अघिल्लो संविधानसभाको निर्वाचनमा पर्यवेक्षण गर्ने संस्थामध्ये ज्यादै न्यूनले मात्र प्रतिवेदन बुझाएकाले पर्यवेक्षणलाई विश्वसनीय र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप स्वीकार्य बनाउन आयोगले यसपटक केही नयाँ प्रावधानहरू थप गरेको बताएको छ ।

यसका अतिरिक्त आयोगले संचालन गरेको राष्ट्रिय निर्वाचन पर्यवेक्षण गरेको अनुभव भएमा एसएलसी वा सो सरह तथा पहिलोचोटी जानेलाई कम्तिमा प्रवीणता प्रमाणपत्र तहको योग्यता निर्धारण गरेको छ । निर्वाचनलाई प्रभावित हुन नदिन पर्यवेक्षणमा जानेलाई तालिमको व्यवस्था र पर्यवेक्षणको नियम पालना नगर्नेको अनुमति पत्र रद्द गर्न सकिने व्यवस्था गरिएको छ । तालिमपश्चात खटिएर जानेलाई आयोगले दिएको परिचयपत्र दिइनेछ भने पर्यवेक्षण समापन भई प्रतिवेदन बुझाएपछि आयोगले प्रमाणपत्र दिने आयोगले जनाएको छ ।

निर्वाचन अघि, निर्वाचनको दिन र त्यसपछि गरी तीन चरणमा पर्यवेक्षण गरिन्छ । पर्यवेक्षकले निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवतजावत, संवेदनशील निर्वाचन सामाग्रीको ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम र संचारमाध्यमहरूमा पहुँच आदि कुराको पर्यवेक्षण गर्नेछन् ।

पर्यवेक्षण गर्ने संस्थाले मतदान कार्य समाप्त भएको महिना दिनभित्र प्रारम्भिक र तीन महिनाभित्र अन्तिम प्रतिवेदन आयोगमा अनिवार्यरूपमा बुझाउनुपर्ने प्रावधान निर्वाचन पर्यवेक्षण २०७० को निर्देशिकामा उल्लेख छ । निर्देशिकामा पर्यवेक्षक सुरक्षा संवेदनशीलताको कारण निषेध गरिएका स्थानमा जान हुँदैन भन्ने उल्लेख छ । मतदान केन्द्र वरपर कुनै किसिमको अनियमितता, डर त्रास देखाई मतदानबाट बञ्चित गरेको पाइएमा तुरून्त त्यसको जानकारी आयोगलाई दिनुपर्नेछ ।

त्यसैगरी पर्यवेक्षकले अनुमतिप्राप्त क्षेत्रमा मात्र पर्यवेक्षण गर्ने, आयोगको प्रतिष्ठामा आँच पुऱ्याउन नहुने, कुनै राजनीतिक दल उम्मेदवारको झुकाव राख्न र प्रचार गर्न नहुने, निर्वाचनमा खटिएका कर्मचारीलाई सल्लाह, सूचना दिन तथा कानूनको व्याख्या गर्न नहुने प्रावधान निर्देशिकामा रहेको छ ।

## मतदानको ३६ घण्टा पूर्व सीमा नाका बन्द गर्ने निर्णय

नेपाल–भारत सीमा सुरक्षा पदाधिकारीको कार्तिक ६ मा बसेको संयुक्त बैठकले नेपालमा हुन लागेको संविधानसभा निर्वाचनमा कडा सुरक्षा व्यवस्था अपनाइने निर्णय गरेको छ । मतदानको ३६ घण्टाअघि दुवै मुलुकले सीमा नाका बन्द गर्ने निर्णय भएको बाँकेका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद ओलीले जानकारी गराए । निर्वाचन सुरक्षाका लागि दुवै देशका सुरक्षा निकायले सीमा क्षेत्रमा आवातजावत गर्ने नागरिकको जाँचमा कडाइ गर्ने, आपराधिक गतिविधि हुनसक्ने सम्वेदनशील क्षेत्रमा कडा निगरानी राख्ने सहमति पनि बैठकमा भएको बताइएको छ । बैठकमा भारतको बहराइच र स्रावस्ती जिल्ला र नेपालको बाँके, बर्दिया र दाङ जिल्लाका सुरक्षा र प्रशासनिक निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# ५६ संस्थाले चुनावको पर्यवेक्षण गर्ने

आगामी मंसिर ४ गते हुने संविधानसभा चुनावमा ५६ वटा संघसंस्थाले पर्यवेक्षण गर्ने भएका छन् । ३ वटा विदेशी र ५३ वटा स्वदेशी संघसंस्थाका ७६ हजार ४ सय ५६ जनाले चुनावको पर्यवेक्षण गर्ने भएका हुन् । ५६ वटा स्वदेशी संघसंस्थाले पर्यवेक्षणका लागि अनुमति लिएको भए पनि राष्ट्रिय वातावरण तथा स्वास्थ्य अध्ययन केन्द्र भक्तपुर र ह्याण्ड इन ह्याण्ड फाउण्डेशन सिनामंगलले भने पर्यवेक्षण गर्न असमर्थ भएको आयोगलाई जानकारी गराएका छन् ।

तीन अन्तर्राष्ट्रिय संस्था मध्ये कार्टर सेन्टर र एफ्रिल (एशियन नेटवर्कफर फ्रि इलेक्शन) संस्थाले अन्तर ाष्ट्रिय पर्यवेक्षक कार्टर सेन्टरमार्फत र क्षेत्रीय पर्यवेक्षक एनफ्रेल मार्फत परिचालन गर्न लागेको डीएफआईडीले जनाएको छ । त्यसैगरी युरोपियन युनियनलाई भने आयोगले नै आमन्त्रण गरेको हो ।

ईयूका तर्फबाट तीन चरणमा गरी एक सय पर्यवेक्षकले निर्वाचनको पर्यवेक्षण गर्नेछन् । उसले अघिल्लो संविधानसभा निर्वाचनमा पनि सोही संख्यामा पर्यवेक्षक ल्याएको थियो । पहिलो टोलीमा १० पर्यवेक्षक अक्टोबर ३ मा आएका थिए भने त्यसमा प्रमुख निर्वाचन पर्यवेक्षकसहित विश्लेषक, राजनीतिक, कानूनी र संचार विश्लेषक, पर्यवेक्षक संयोजक लगायत रहने छन् । टोलीमा सहभागी पर्यवेक्षकमा जर्मनी, फ्रान्स, आयरल्यान्ड, स्पेन, बेलायत, स्वीडेन र लिथुवानियाका हुनेछन् । बाँकी रहेका सदस्य दोस्रो र तेस्रो चरणमा आउने छन् । दीर्घकालीन पर्यवेक्षक अक्टोबर १३ मा आइपुगेर आफ्नो क्षेत्रमा खटिसकेका छन् भने अल्पकालीन पर्यवेक्षक नोभेम्बर १० मा आइपुग्ने ईयूले जनाएको छ । संयुक्त राष्ट्रसंघले निर्वाचन आयोगको अनुरोधमा १० सल्लाहकार पठाएको छ । उनीहरूलाई पाँच विकास क्षेत्रमा दुई/दुई जनाको दरले परिचालन गरिँदै छ ।

निर्वाचन आयोगले चुनावको दिन अवलोकनका लागि सार्कराष्ट्रका निर्वाचन आयुक्तहरूका साथै बेलायत, अष्ट्रेलिया, दक्षिण कोरियाका निर्वाचन आयुक्तहरू र नेपालमा रहेका विदेशी कुटनीतिक नियोगका प्रमुखहरूलाई पनि आमन्त्रण गरेको निर्वाचन आयोगका उपसचिव लक्ष्मी हुमागाईंले जानकारी दिएका छन् ।

गत संविधानसभा निर्वाचनमा १ सय ४८ स्वदेशी संस्थाका ६० हजार व्यक्ति पर्यवेक्षणमा सहभागी भएका थिए । विदेशी ३० संस्थाका ८५४ ले पर्यवेक्षण गरेका थिए । त्यसमध्ये राष्ट्रिय ३६ र विदेशी आठ संस्थाले मात्र आयोगलाई प्रतिवेदन बुझाएका थिए । निर्वाचनको निष्पक्षताबारे कतिपय पर्यवेक्षकले दिने प्रतिवेदन पनि विवादमा पर्ने गरेको छ । अघिल्लो निर्वाचनमा कार्टर सेन्टरले १३ दीर्घकालीन पर्यवेक्षक सहभागी गराएको थियो भने २० भन्दा बढी मुलुकका ६२ पर्यवेक्षकले अल्पकालीन अनुगमन गरेका थिए । बेलायती अन्तर ाष्ट्रिय विकास विभाग (डीएफआईडी) का कार्यबाहक प्रमुख फिलिप स्मिथका अनुसार बेलायत सरकारले ८ हजार राष्ट्रिय, ५० अन्तर्राष्ट्रिय र ५० क्षेत्रीय पर्यवेक्षक परिचालन र तालिमका लागि सहयोग गरिरहेको छ ।

## सरकारी कर्मचारीलाई १५ लाखको क्षतिपूर्ति

सरकारले संविधनासभाको निर्वाचनमा खटिएका सरकारी र संस्थानका कर्मचारी, सुरक्षाकर्मी तथा शिक्षक कामको सिलसिलामा मृत्यु भएमा उनीहरूका आश्रित परिवारलाई बढीमा १५ लाख रूपैयाँ सम्म क्षतिपूर्ति दिने निर्णय गरेको छ । कार्तिक ७ गतेको मन्त्रिपरिषद्को बैठकले निर्वाचनमा खटिने सरकारी कर्मचारीहरूको बिमा नभएको अवस्थामा कार्यक्षेत्रमा खटिएकै बेला कसैको मृत्यु भएमा बढीमा १५ लाख रूपैयाँसम्म क्षतिपूर्ति दिने निर्णय गरिएको सरकारका प्रवक्ता एवम् सूचना तथा सञ्चारमन्त्री माधवप्रसाद पौडेलले जानकारी दिएका छन् ।

# आयोगको सहमति लिएर केन्द्रीय नेताले हेलिकोप्टर प्रयोग गर्न पाउने

निर्वाचन आयोगले यसअघि जारी गरेको आचारसंहितामा केहि हेरफेर गर्दै संविधानसभा सदस्य निर्वाचनमा दैवी प्रकोप वा अन्य कारणले सवारी अबरूद्ध भएका र सवारीसाधन नपुग्ने स्थानमा राजनीतिक दलका केन्द्रीय पदाधिकारीले निर्वाचन प्रचारप्रसारका क्रममा सहमति लिएर हेलिकोप्टर प्रयोग पाउने निर्णय गरेको छ । संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० जारी भई लागू रहेको भएपनि आयोगसँग सहमति माग गरेमा आवश्यकता विचार गरी आचारसंहिता समितिले हेलिकोप्टर प्रयोग गर्न अनुमति प्रदान गर्ने निर्णय ६ कार्तिकको बैठकले गरेको हो ।

यस्तै, निर्वाचन प्रचारप्रसारको क्रममा संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० को दफा १४ बमोजिम छापिएको पर्चा निर्वाचन अधिकृतको कार्यालयबाट स्वीकृति लिएर मात्र प्रयोग गर्ने, राजनीतिक दलको कार्यालय, निर्वाचन प्रचारप्रसार कार्यालय र निर्वाचन प्रचारमा प्रयोग भएको सवारी साधनमा उम्मेदवारको फोटो, राजनीतिक दलको झण्डा र निर्वाचन चिह्न लगायतको प्रचार सामाग्री राख्न पाउने निर्णय पनि गरिएको छ । राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका भ्रातृ संगठन, जिल्लास्थित गैरसरकारी संस्था र क्लबले खेलकुद लगायतका अन्य सामाग्रीहरु वितरण गर्ने काम, बाटोघाटो निर्माण गर्ने काम, खानेपानीको ट्युबवेल वितरण गर्नेजस्ता क्रियाकलाप गर्न नपाइने बताईएको छ ।

त्यसैगरी निर्वाचन प्रचारप्रसारको क्रममा भइरहेको हिंसात्मक गतिविधि सम्बन्धमा सम्बन्धित क्षेत्रका उम्मेदवार र राजनीतिक दल जिम्मेवार हुनुपर्ने र आमसञ्चारका माध्यमले आफ्नो तर्फबाट कुनै पनि उम्मेदवारको प्रचारप्रसार गर्न नपाउने निर्णय पनि आयोगले गरेको छ । आमसञ्चारका माध्यमले कुनै पनि उम्मेदवार वा राजनीतिक दलको कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्न नपाउने तर यससम्बन्धी समाचार सम्प्रेषणसम्म गर्न सकिने, निर्वाचन आचारसंहिता २०७० को अनुसूची ३ को शीर्षक नं ७ मा छापा एवं विद्युतीय माध्यम शीर्षक पनि उल्लेख भएकाले निर्वाचन खर्च सीमाको अधिनमा रहेर मात्र त्यस्तो माध्यमबाट प्रचारप्रसार गर्न पाउने र त्यस्तो सञ्चारमाध्यमले पनि त्यसरी प्रचारप्रसार गर्दा कुनै उम्मेदवार वा दलको मात्र प्रचारप्रसार गरी अन्य कुनै दल वा उम्मेदवारको प्रचारप्रसार गर्न इन्कार गर्न नहुने आयोगले जनाएको छ ।

## सुरक्षाको दृष्टिले छुट्याइयो संवदेनशील र अति संवेदनशील क्षेत्र

गृह मन्त्रालयले चुनावका लागि १६ जिल्ला र ७८ निर्वाचन क्षेत्रलाई अति संवेदनशीलका रूपमा लिएको छ । भूमिगत तथा सशस्त्र समूह, निर्वाचन विरोधी/बहिष्कारवादी, जातीय क्षेत्रीय संघसंगठनका गतिविधि, विगतका निर्वाचनमा भएका घटनाहरूको मूल्यांकन तथा विश्लेषण र खुला सिमानाका आधारमा गृहले ती क्षेत्र छुट्याएको हो । मन्त्रालयका अनुसार अति संवेदनशील १६ जिल्ला छन् । ती जिल्लाका ७८ निर्वाचन क्षेत्र अति संवेदनशील छन् । अति संवेदनशील जिल्लामा सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, दाङ, ताप्लेजुङ, नवलपरासी, कपिलवस्तु, रूपन्देही, रोल्पा, प्यूठान र कालिकोट छन् । त्यसैगरी अछाम, बाजुरा, कञ्चनपुर, कैलाली, मुगु, रुकुम, बर्दिया, सुर्खत, गोरखा, धादिङ, बाँके, मकवानपुर, सिन्धुली, चितवन, पाँचथर, मोरङ, तेह्रथुम, धनकुटा, सुनसरी, जाजरकोट र ती जिल्लाका ६७ निर्वाचन क्षेत्र संवेदनशील छन् ।

# आचारसंहिता पालना भएनभएको हेर्न अनुगमन टोली गठन

निर्वाचन आयोगले आचारसंहिता पालना भए नभएको हेर्न अनुगमन टोली बनाएको छ । आयुक्त अयोधीप्रसाद यादवको संयोजकत्वमा आचारसंहिता अनुगमन समिति, इला शर्माको संयोजकत्वमा मिडिया आचारसंहिता अनुगमन समिति र रामभक्त पिभी ठाकुरको संयोजकत्वमा पर्यवेक्षक परिचालन अनुगमन समिति गठन गरिएको हो । आचारसंहिता उल्लंघन भए शून्य सहनशीलता अपनाएर कारबाही गरिने आयोगले जनाएको छ ।

आचारसंहिता उल्लंघन गरेमा उम्मेदवारी रद्द गरिने जरिवाना भराइने र ६ वर्ष चुनाव लड्न नपाउनेसम्म सजायको व्यवस्था छ । प्रत्यक्षतर्फका उम्मेदवारले बढीमा १० लाख रूपैयाँ खर्च गर्न पाउने र आफ्नो क्षेत्रमा २ वटासम्म हलुका सवारी साधन प्रयोग गर्न पाउने छन् भने समानुपातिकमा १ उम्मेदवार बराबर १ लाख रूपैयाँ र बढीमा २ वटासम्म हलुका सवारी साधनको प्रयोग गर्न पाउने छन् ।

प्रचारप्रसार सामाग्रीमा ७५ ग्रामसम्मको कागजमा एक रङमा छापिएको ३ सय वर्ग इन्चसम्मको पर्चा प्रचार प्रयोग गर्न पाउने छन् । प्रचारप्रसार रातमा गर्न नपाउने भनिएको छ । बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्न पाउने छन् ।

## काठमाडौमा निर्वाचनमा पाँच हजार कर्मचारी खटिने

- अर्को संविधानसभाको निर्वाचनअन्तगर्त १० वटा निर्वाचन क्षेत्र रहेको काठमाडौँ जिल्लामा पाँचहजार कर्मचारी खटाइन लागिएको छ । मुख्य निर्वाचन अधिकृत अच्युत विष्टले निर्वाचनमा खटिने कर्मचारीले आफूलाई घर पायक पर्ने मतदानस्थलमा खटाउन आग्रह गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार ती मतदान केन्द्रका लागि करिब पाँच हजार कर्मचारी आवश्यक पर्ने र ती कर्मचारीको छनोट कार्य सुरू भइसकेको छ । खटिने कर्मचारीका लागि तालिम कार्यसुरू हुन लागेकोसमेत जानकारी दिनुभयो ।
- निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयले ३११ मतदानस्थल र ७४२ केन्द्र निर्धारण गरेको छ । ती मतदानस्थल अन्तर्गतका केन्द्रमा दुई लाख ५९ हजार ३५२ महिला, दुई लाख ७२ हजार ७३६ पुरूष र १४ जना तेस्रोलिङ्गी मतदाता रहेका छन् ।

## आचारसंहिता पालनामा ध्यान दिन आयोगको आग्रह

- निर्वाचन आयोगले प्रत्येक मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयमा एक-एक जना शाखा अधिकृतस्तरको आचारसंहिता अनुगमन अधिकृतको व्यवस्था गरेको छ । जिल्लास्तरमा आचारसंहिता कार्यान्वयनको स्थितिको अनुगमन गर्न र त्यसको उल्लङ्घन भएको अवस्थामा कारबाहीलाई सहज र प्रभावकारी बनाउने उद्देश्यले सो व्यवस्था गरिएको आयोगले जनाएको छ । ंविधानसभाको निर्वाचनका लागि साउन ७ गतेदेखि आचारसंहिता कार्यान्वयनमा र्याएको थियो । आचारसंहिता कार्यान्वय स्थितिको प्रभावकारी कार्यान्वयनका लागि आयोगमा आयुक्त डा अयोधीप्रसाद यादवको संयोजकत्वमा आचारसंहिता समिति गठन गरिएको छ । आयोगले आचारसंहिता अनुगमन अधिकृतलाई आफ्नो जिल्लामा घटेका आचारसंहिता उल्लंघनका घटना र त्यस घटनाको सम्बन्धमा सम्बन्धित निर्वाचन अधिकृतबाट भएको काम कारबाहीको विवरण दैनिक रूपमा निर्वाचन अधिकृतसँग समन्वय गरी जिल्ला निर्वाचन कार्यालयमार्फत आयोगमा रहेको आचारसंहिता कार्यान्वयन इकाईमा उपलब्ध गराउन पत्राचार गरेको जानकारी दिएको छ ।

# आचारसंहिता उल्लंघनका घटनाहरु

## निर्वाचन आचारसंहिता : राहत वितरणमा रोक

निर्वाचन आयोगले साउन ७ गतेदेखि अर्थात् निर्वाचन हुनेभन्दा १ सय २० अघि दिनअघि आचारसंहिता लागू गर्दै पूर्णरूपमा पालना गर्न सम्बन्धित पक्षलाई आग्रह गरेको छ । आचारसंहिताले सरकार बाहेक व्यक्तिगत वा संस्थागत रूपमा कसैले राहत वितरण गर्न समेत नपाइने प्रावधान रहेको उल्लेख छ । यदि आचारसंहिता उल्लंघन गर्दै कसैले राहत वितरण गरे कारवाही गरिने व्यवस्था गरिएको छ ।

स्मरणरहोस् साउन ८ गते हिमानी ट्रष्टको अध्यक्ष हिमानी शाहले दार्चुलाका बाढीपिडीतलाई लत्ताकपडा तथा भत्किएका ५ विद्यालयलाई नगद रकम बाँड्ने क्रममा आचारसंहिता लागू भैसकेको भन्दै निर्वाचन आयोगले रोक लगाउँदै लगाउँदै पनि कैलाली र काठमाडौका प्रमुख जिल्ला अधिकारीबाट वितरणको स्वीकृति लिएको र परोपकारी काम भएकाले पनि नरोकिने भन्दै राहत वितरण गरिएको थियो ।

त्यसैगरी ९ साउनमा पूर्वराजा ज्ञानेन्द्र शाहले दार्चुलाका बाढीपिडीतलाई आचारसंहिता विपरित राहत वितरण गरेका थिए ।

## ओखलढुंगामा दलहरूद्वारा आचारसंहिताको उल्लंघन

ओखलढुङ्गामा सार्वजनिक स्थलमा भित्ते लेखन, पर्चा टाँस, विद्यालयको प्रयोग गर्दै प्रमुख राजनीतिक दलहरूले नै निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिताको उल्लङघन गरिरहेको पाइयो । आचारसंहिता विपरीत उनीहरूले जिल्ला सदरमुकाम ओखलढुङ्गाको बजारमा रहेका विद्युत्का खम्बामा पोस्टर टाँस्ने तथा भित्ते लेखन गर्ने गरेका थिए ।

नेपाली कांग्रेस, एमाओवादी र मङ्गोल नेसनल अर्गनाइजेसनले सार्वजनिक स्थलमा रहेका बिजुलीका खम्बामा पोस्टर टाँसेका थिए भने एमालेले वरूणेश्वर गाविसको रामपुर सार्वजनिक भवनमा भित्ते लेखन गरेको छ ।

कांग्रेसले खिजीकाति गाविसमा सरकारी विद्यालयको संरचना प्रयोग गरेर आचारसंहिता विपरीत चुनावीसभा आयोजना गरेको थियो ।

त्यसैगरी दलहरूले दसैँ तिहारको शुभकामनासँग उम्मेदवार र चिुनाव चिह्नसमेत उल्लेख गरेर रमाइलो रेडियो, आफ्नो एफएम र रेडियो ओखलढुङ्गाले मत मागेका सन्देशहरु प्रशारण गर्दै आएका छन् । कार्तिक ५ गते कांग्रेसले गाम्नाङ्टार गाविसमा गरेको चुनावी सभामा ओखलढुङ्गास्थित रमाइलो रेडियोले दिनभर प्रत्यक्ष प्रसारण गरेको थियो ।

## कांग्रेसको फोरममाथि आरोप

मधेसी जनअधिकार फोरम नेपाल बाँकेले कांग्रेसले आचारसंहिता उल्लंघन गरेको आरोप लगायो । कात्तिक ६ गते पुरैनी गाविसको नहरपुर्वामा फोरमका क्षेत्र नं. २ का उम्मेदवार मोहम्मद इश्तियाक राईको पम्प्लेटमाकिथ कांग्रेसले आफ्नो पार्टीको प्रचारसामाग्री टाँसेको आरोप फोरम नेपालले लगाएको हो । निर्वाचन आचारसंहितामा कुनै पनि उम्मेदवारको पर्चा पम्प्लेट च्यात्न वा नष्ट गर्न नपाउने उल्लेख भए पनि राईको पम्प्लेटमाथि कांग्रेस उम्मेदवारको पम्प्लेट टाँसेको मधेसी जनअधिकार फोरम नेपाल बाँकेका प्रवक्ता समशुलहक राईले बताए ।

## चुनावी कार्यक्रममा विद्यालयको प्रयोग

संविधानसभा निर्वाचन आचारसंहिता ०७०, परिच्छेद २ को ३५ मा विद्यालय वा विद्यालय हाताभित्र आमसभा तथा चुनावी प्रचार गर्न नपाइने व्यवस्था भए पनि यसको बेवास्ता गर्दै कार्तिक ५ गते चुनावको प्रचारप्रसार गरेको पाइयो । नेपाली कांग्रेस ओखलढुंगाले खिजीकाति गाविसको कुण्डली माविमा पर्चा टाँसेर आमसभा गरेको थियो भने भोलिपल्ट रावादोलुको हिमगंगा माविमा पनि चुनावी सभा गरेको पाइयो ।

आचारसंहिता उल्लंघन भएका विषयमा कात्तिक ६ गते नै जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षिय बैठक राखेर दलहरूलाई आचारसंहिता उल्लंघन नगर्न सचेत गराइएको जिल्ला निर्वाचन अधिकारी बासुदेव गजुरेलले बताए ।

## चाडपर्वका लागि आयोगद्वारा विशेष निर्णय, तर दलहरूले टेरेनन्

निर्वाचन आयोगले विभिन्न चाडपर्वको अवसर पारेर निर्वाचन आचारसंहिताको उल्लंघन हुन सक्ने भन्दै २०७०/६/२२ गते देहाय बमोजिमको निर्णय गरेको थियो ।

(१) निर्वाचन आचारसंहिता उल्लंघन हुने गरी निर्वाचन प्रचारप्रसार गर्ने उद्देश्यले राजनीतिक दलको झण्डा वा निर्वाचन चिन्ह छापिएको टोपी, टिसर्ट, कमेज, झोला, कलम लगायतका कुनै पनि सामाग्री तयार गरी प्रयोगमा ल्याउने कार्यमा रोक लगाउने ।

(२) निर्वाचन प्रचार प्रसारको शिलशिलामा दशैं, तिहार, छठ जस्ता अवसर पारी राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलसँग सम्बन्धित व्यक्ति, राजनीतिक दलको भातृ संगठन तथा पदाधिकारीहरू समेतले जलपान, भोजभतेर जस्ता कार्यक्रमहरू संचालन गर्न नपाउने गरी रोक लगाउने ।

तर आयोगले रोक लगाएको निर्णयको उल्लंघन दलहरूले गरेको समाचारहरू सुनिए । ३० असोजका दिन निर्वाचनको प्रचारप्रसारका बहानामा महोत्तरी जिल्लामा विभिन्न राजनीतिक दलहरूले उम्मेदवारका लागि निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन आचारसंहिताको घोर उल्लङ्घन भएको पाइयो ।

आयोगले उम्मेदवारका लागि शुभकामना आदानप्रदान, भोजभतेर आयोजना, रूपैंया पैसा वितरण, पार्टीको छाप अङ्कित गञ्जी, टोपी, ब्यागको प्रयोगजस्ता कुरामा प्रतिबन्ध लगाएको भएपनि महोत्तरीका धेरैजसो उम्मेदवार तथा पार्टीले ती सबै काम गरेको पाइयो ।

मतदातालाई रिझाउनका लागि जिल्लाका ठूला देखि सानो सबैथरिका धेरै पार्टी, उम्मेदवार र स्वतन्त्र उम्मेदवारसमेतले दसैँ, दिपावली, छठ र इदपर्वका शुभकामना छापिएका शुभकामना पत्र पनि व्यापकरूपमा वितरण गरे भने ठूलठूलो भोजको समेत आयोजना गरे । त्यस्तै पार्टीका छाप अङ्कित गञ्जी पनि लगाइएको पाइयो ।

## विदेशीले गरे निर्वाचन बहिष्कारको भाषण

संविधानसभा निर्वाचन बहिष्कार अभियानमा नेकपा–माओवादीले विदेशी नागरिकलाई पनि प्रयोग गरेको समाचार विभिन्न संचारमाध्यमहरूमा सार्वजनिक भयो । दोलखाको चरिकोटमा माओवादी महासचिव रामबहादुर थापा सहभागी कार्यक्रममा आइरिस नागरिक पिटरले निर्वाचन बहिष्कारमा सहभागिता जनाउने मन्तव्य दिएका थिए । राष्ट्रिय युवा जनस्वयंसेवक दोलखाले गरेको कार्यक्रममा उनी 'कथित निर्वाचन बहिष्कार गरौं' भन्ने टिसर्ट लगाएर नेपाली राजनीतिमा भारतीय हस्तक्षेप रहेको भन्ने कुरा व्यक्त गरे । उनले नेपालको संविधानसभा निर्वाचन प्रक्रियालाई 'गद्दारी' भनेका थिए ।

उनले आइरिस पत्रिका 'रेडफन्ट' का वरिष्ठ सम्पादक तथा ब्रिटिस कम्यूनिष्ट पार्टीको सदस्य भएको परिचय दिएका थिए । नेकपा माओवादी दोलखाका सेक्रेटरी प्रेम दर्नालले विदेशी भए पनि भाइचारा पार्टीको सदस्य भएको नाताले कार्यक्रममा सहभागिता जनाएको र त्यही रूपमा उनले ऐक्यबद्धता मन्तव्य दिएको बताएका थिए ।

उनको सो भाषण आचारसंहिता विपरित भएको भन्दै नेपाल सरकारले पिटर टविनको खोजी गरेको

थियो । सरकारको यो कार्यको माओवादीको विदेश विभागले आपत्ति प्रकट गरेको छ । माओवादी विदेश विभागका सदस्य डा. विष्णुहरि नेपालले एक विज्ञप्ति जारी गर्दै टविनले कार्यक्रममा अतिथि भएर आफ्नो छोटो विचार राखेको र कुनै हस्तक्षेपकारी कुरा नबोलेको दाबी गरेका थिए ।

## एमाओवादीका उम्मेदवारमाथि आक्रमण

चुनावी प्रचारमा खटिएका एमाओवादीका उम्मेदवारमाथि ताप्लेजुङको क्षेत्र नं १ स्थित मेहेलेमा कात्तिक ८ गते बिहान आक्रमण । मेहेले गाविसस्थित कमल भण्डारीको घरमा सुतिरहेको अवस्थामा नेकपा-माओवादीका इन्चार्ज सुमनको नेतृत्वमा ३० जनाको टोलीले आक्रमण गरेको एमाओवादीका प्रचारप्रसार संयोजक परागद्धारा जानकारी । आक्रमणबाट प्रत्यक्षतर्फका उम्मेदवार सञ्चपाल मादेन, प्रचार समितिका काजी भट्टराई, वाइसीएल इन्चार्ज तारा भट्टराई लगायतका व्यक्ति घाइते । आक्रमणकारीले घरमा समेत तोडफोड गरेको समाचार प्राप्त भएका थिए ।

## उम्मेदवार लखेटिए

नेकपा- माओवादीका कार्यकर्ताले घरदैलो कार्यक्रममा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका उम्मेदवारलाई लखेटिएको समाचार प्राप्त भए । टुकुचा नालास्थित गाउँमा घरदैलो कार्यक्रम गर्ने क्रममा कात्तिक ८ गते दिउँसो टुकुचा नाला गाविस ७ घिमिरे गाउँ पुगेका राप्रपा नेपाल काभ्रे क्षेत्र नम्बर ३ का उम्मेदवार शैलेन्द्रबहादुर तामाङलाई निर्वाचन सामाग्रीसहित माओवादी कार्यकर्ताले लखेटेको भन्ने जानकारी पाइयो ।

## सडकमा तुल र तोरण

कांग्रेस सभापति उर्मिला कोइराला उम्मेदवार रहनुभएको चितवन क्षेत्र नम्बर ४ मा कांग्रेसले निर्वाचन आचारसंहिता विपरीत तुल तथा तोरण सडकमा लगाएको भनि कात्तिक ५ गते निर्वाचन अधिकृतको कार्यालयमा पहिलो पटक उजुरी पर्‍यो ।

त्यसैगरी कात्तिक ५ गते नै मुख्य निर्वाचन अधिकृतको कार्यालय परिसरभित्रै कांग्रेस र वाईसीएलका कार्यकर्ता आचारसंहिता विपरीत पार्टीको चुनाव चिन्ह भएको टिसर्ट लगाएर चुनाव प्रचारप्रसारको लागि सवारी साधन दर्ता गर्न गएका थिए ।

## रूकुममा एमाओवादी- कांग्रेस झडप

रूकुमको आठविसकोट गाविसमा कार्तिक ३ गते साँझ एमाओवादी र कांग्रेसका कार्यकर्ताबीच झडप भएको थियो । झडपमा नेपाल तरूण दलका जिल्ला सदस्य जनक बाँठा, कांग्रेस आठबिसकोट गाउँ इकाई सभापति दीपक शाही, हरि विष्ट, कमल शाही र गणेश सिंह घाइते भएका थिए । टाउकोमा चोट लागेका गणेशबहादुर सिंहको काठमाडौं ल्याइ उपचार गरिएको थियो । क्षेत्र नं. २ का उम्मेदवार गोपल जीजंग शाहलाई स्वागत गर्न भेला भएका कांग्रेस कार्यकर्ता र नजिकै कोणसभा गरिरहेका एमाओवादी कार्याकर्ता बीच झडप भएको थियो ।

## प्रहरी र म्यादीबीच झडप

बारामा निर्वाचन सुरक्षा प्रयोजनका लागि भर्ना गरिएका म्यादी प्रहरी र प्रहरी बीच ४ कार्तिक गते झडप भएको छ । सरकारले म्यादी प्रहरीको सुविधा कटौती गरेको भन्दै म्यादी प्रहरी विरोधमा उत्रिएका थिए । सरकारले भर्नाको लागि दरखास्त आह्वान गर्दा म्यादी प्रहरीले दुई महिनाको सेवासुविधा पाउने गरी निर्णय भएकोमा उनीहरूको तालिम सुरू नहुँदै डेढ महिनाको मात्र सेवा सुविधापाउने भनी प्रहरी प्रधान कार्यालयमा पत्र पठाएपछि त्यसको विरोध गर्दै म्यादी प्रहरी प्रदर्शन तथा ढुंगामुढामा उत्रिने काम गरेका थिए । प्रहरी प्रधान कार्यालयको सेवासुविधा कटौती भएको पत्रको जानकारी पाएपछि कार्तिक ३ गते १५ दिनको तालिममा सहभागी भएका ९९ म्यादी प्रहरी घर फर्केका थिए ।

# "स्वतन्त्र र स्वच्छ निर्वाचनका लागि पर्यवेक्षकको भूमिका" विषयक अन्तरक्रिया

निर्वाचन पर्यवेक्षण समिति नेपालले पहिलो औपचारिक कार्यक्रम मिति २०७० श्रावण २४ गते राजधानीस्थित होटल एभरेष्टमा सम्पन्न गर्‍यो । चुनावी मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको प्रमुख आतिथ्यतामा "स्वतन्त्र र स्वच्छ निर्वाचनका लागि पर्यवेक्षकको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा बोल्दै अतिथिहरूले आगामी संविधानसभाको निर्वाचन सम्पन्न गर्न तटस्थ र निष्पक्ष भूमिका खेल्न सकोस् भन्ने शुभकामना दिँदै आफूहरूको तर्फबाट सहयोग गर्ने प्रतिबता व्यक्त गरेका थिए ।



कार्यक्रमका प्रमुख अतिथि मन्त्रीपरिषद् अध्यक्ष **खिलराज रेग्मी**ले वर्तमान सरकार निर्वाचन सम्पन्न गर्नकै लागि जिम्मेवारी र लक्ष्यका साथ गठन भएको हुनाले त्यसलाई कसरी सफल बनाउने भन्ने कुरामा लागि परेको हुँदा कुनै आशंका नगर्न आग्रह गर्नुभयो । निर्वाचनको मिति सार्वजनिक भैसकेको अवस्थामा विवाद र अन्तरविरोधलाई बढाइ चढाइ नगरौँ झन त्यसले निराशामात्र हात लाग्ने बताउनुभयो । उहाँले स्वतन्त्र निर्वाचनका लागि यस्ता पर्यवेक्षकहरूको भूमिका महत्वपूर्ण हुने बताउँदै इयोकको भूमिका पनि रचनात्मक हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।




एकीकृत नेकपा माओवादीका नेता **नारायणकाजी श्रेष्ठ**ले देशलाई संविधानसभाको निर्वाचनतर्फ लान पर्यवेक्षकको भूमिका रहने भन्दै इयोकको स्थापनाले निर्वाचनको वातावरण तयार गर्न भूमिका खेलेको भनाई व्यक्त गर्नुभयो । अघिल्लो संविधानसभा संविधान नलेखि विघटन हुनु दुखद् भएको उल्लेख गर्दै तर अन्य राजनीतिक दलहरूले विघटन हुनुको प्रमुख जिम्मेवारी एकीकृत माओवादीलाई लगाउनु विडम्बना भएको बताउनुभयो । संविधानसभाको विघटन किन भयो भन्ने कुराको विश्लेषण इतिहासले गर्ने र आगामी संविधानसभाको दोस्रो निर्वाचनमा जनताबीच भोट माग्न जाँदा जनतामा रहेको भ्रम पनि हट्ने बताउनुभयो । समय सन्दर्भको ठोस स्थितिको ठोस विश्लेषण गर्नु पर्दछ भन्दै निर्वाचन सम्पन्न गर्न निर्वाचनको विपक्षमा रहेकाहरूसँग राजनीतिक सहमति जुटाउने प्रयास जारी नै राखिने र अन्य सबै तयारी भएको बताउनु भयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले देशको सार्वभौमिकताको ख्याल गर्नुपर्दछ । उहाँले भन्नुभयो "पर्यवेक्षकले जनसमुदायलाई मत हाल्ने वातावरण बनाउनु पर्दछ, मत माग्ने काम गर्नु हुँदैन" ।



नेपाली कांग्रेसका नेता **डा. रामशरण महत**ले निर्वाचन पर्यवेक्षणले नै निर्वाचनको सुनिश्चितता नगर्ने भएपनि पर्यवेक्षकको उपस्थितिले मतदाता तथा राजनैतिक दललाई नैतिक दबाब पर्ने बताउनुभयो । विदेशी पर्यवेक्षकहरू शहर केन्द्रित हुने हुँदा राष्ट्रिय पर्यवेक्षकहरूले देशको कुना कुनामा पुगेर स्वतन्त्र र स्वच्छ निर्वाचन सम्पन्न गर्न भूमिका खेल्नु पर्ने भनाई राख्नुभयो ।

देश निर्वाचनमा नजाने हो भने गैरराजनीतिक दलबाट शासन संचालन हुने स्थिति रहिरहने हुँदा निर्वाचनको अर्को विकल्प नरहेको पनि उहाँले बताउनुभयो । जनता निर्वाचनका लागि आतुर रहेको भन्दै निर्वाचनको विपक्षमा रहेकाले पूर्व शर्त राख्नु भनेको निर्वाचन नचाहनु र विथोल्नु खोज्नु नकरात्मक नियत रहेको टिप्पणी गर्नुभयो ।




नेकपा एमालेका **प्रदिप ज्ञवाली**ले हाम्रो देशको संक्रमणकाल निकै पट्यार लाग्दो भैसकेको र मूल्यवान दुई दशक गुमेको बताउनु भयो । जनताको सार्वभौमसत्ता प्रकट हुने मतदान गर्ने अधिकारबाट वञ्चित गर्न नहुने भन्दै निर्वाचनको विरोध गरेर देशलाई यथास्थितिमा राख्न नहुने धारणा व्यक्त गर्नुभयो । प्रणाली नबनेको स्थितिमा पर्यवेक्षकको भूमिका रहने भन्दै हिजोका दिनका पिडा नदोहोरियोस् भन्ने कुरामा पर्यवेक्षकले ध्यान दिनु पर्ने बताउनुभयो । पर्यवेक्षकहरूले निर्वाचन विथोल्न खोज्नेहरूका क्रियाकलाप, साना हतियारहरूको बिगविगी, दलभित्रबाट बनाइएका युवा दस्ताको क्रियाकलापको समेत पर्यवेक्षण गर्नु पर्ने बताउनुभयो । निर्वाचन पर्यवेक्षकको निष्पक्षता सबैभन्दा महत्वपूर्ण हुने भनाई राख्दै पर्यवेक्षकहरूलाई नेकपा एमालेको सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मधेसी मोर्चाका नेता **हृदयेश त्रिपाठी**ले यसअघिका निर्वाचनहरूमा पर्यवेक्षकहरूको भूमिका देख्दा आफूलाई



चित्त नबुझेको बताउनुभयो । आफूले पर्यवेक्षक पनि प्रतिद्वन्द्वी जस्तै अनुभव गरेको भनाई व्यक्त गर्दै उहाँले इयोकले निष्पक्षता प्रदर्शन गरोस् भन्नुभयो । "जसरी पनि निर्वाचन हुँदैन" उहाँले भन्नुभयो । जसरी पनि निर्वाचन गर्दा अर्को द्वन्द्व निस्कन्छ, त्यसैले अबको निकास सहमतिमा संविधानसभाको निर्वाचन मात्र हो । मतदाता नामावली संकलन र निर्वाचन क्षेत्र निर्धारण, संविधानसभा निर्वाचनमा हुने अपवित्र गठबन्धन आगामी संविधानसभाको चुनौती रहेको औल्याउनु भयो ।

राष्ट्रिय मानवअधिकार आयोग सदस्य **गौरी प्रधान**ले निर्वाचन पर्यवेक्षणको विषयको थालनी हुनु भनेको



निर्वाचनको माहोल तयार भएको धारणा व्यक्त गर्नुभयो । जनशक्ति, पैसा, आचारसंहिताको अनुगमनको कुरा आजबाटै हुनुपर्ने औल्याउनु भयो । अन्तमा मतपेटीका गनेर मात्र पर्यवेक्षकको भूमिका पुरा नहुने भनाई समेत राख्नुभयो । राजनीतिक दलहरूले समानान्तर सुरक्षा दस्ताहरू आन्तरिक रूपमा बनाइरहेका छन् । उनीहरूबाट जर्बजस्ती मत हाल्न लगाउने र बुथ कब्जा गर्ने कार्य हुनसक्ने हुँदा त्यसको पनि पर्यवेक्षण गरिनु पर्ने बताउनुभयो । भ्रष्टाचारी प्रमाणित भएको र अपराधमा लागेका व्यक्ति निर्वाचनमा उम्मेदवार बन्न नपाओस् भन्नुभयो । जित्नेले अविर लगाउने र हार्नेले धाँधली भयो भनेर वक्तव्यबाजी गर्ने परिपाटीको निष्पक्षता पर्यवेक्षकहरूले अनुगमन गर्नुपर्ने बताउनुभयो ।



पूर्वप्रमुख निर्वाचन आयुक्त **भोजराज पोखरेल**ले अब पनि निर्वाचन हुन्छ कि हुँदैन भन्ने विवाद नगरी सहमतिमा निर्वाचनमा जानु पर्ने बताउनु भयो । तर शक्ति प्रयोग गरेर पनि निर्वाचन गर्दछौं भन्ने सरकारको सोचले अर्को द्वन्द्वको कारण चुनाव बन्न नहुने धारणा व्यक्त गर्नुभयो । आफ्ना कुरा पुरा भयो भने निर्वाचनमा जाने अन्यथा नजाने भन्ने प्रवृत्ति निर्वाचन विथोल्ने नियत भएको बताउनुभयो । निर्वाचन पहिला, निर्वाचनका बेला र निर्वाचन सकिएपछि पनि पर्यवेक्षकको भूमिका रहने बताउँदै सरकार, राजनीतिक दल र निर्वाचन आयोगको पनि पर्यवेक्षकहरूले अनुगमन गर्नु पर्ने भनाई राख्नुभयो । पर्यवेक्षणलाई राजनीतिक विचारबाट मुक्त राख्नुपर्ने विचार राख्दै यसअघिका निर्वाचनमा कतैकतै मतदाता भन्दा पर्यवेक्षक धेरै रहेको भन्ने गुनासो सुनिएको बताउनुभयो ।



लोकतन्त्रको आधारभूत मान्यतामा मतदान गर्न पाउने अधिकारको संरक्षण गर्न यस्ता समितिहरू बन्नु राम्रो भएको भन्दै इयोकले घोषित उद्देश्य पुरा गरोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो । जसरी निर्वाचन निष्पक्ष हुनुपर्दछ त्यस्तै पर्यवेक्षण पनि निष्पक्ष हुनुपर्दछ अध्यक्ष गाउँलेले भन्नुभयो "पर्यवेक्षकको जिम्मा लिएका हामीले निर्वाचनमा मतदान गर्ने बेला बाहेक अरू बेला राजनीतिक विचारबाट प्रेरित छैन भन्ने सोच्नुपर्दछ ।"

सामुदायिक वन उपभोक्ता महासंघकी अध्यक्ष **अप्सरा चापागाईं**ले जनतामा निर्वाचनप्रति वितृष्णा रहेको बताउनुभयो । आफूहरूले मतदान गरेर पठाएका



नेताहरू गाउँ फकिर्एर नजाने प्रवृत्तिका कारण "जो निर्वाचित भएपनि हाम्रो समस्या ज्यूँका त्यूँ छ, कसैले हेर्ने होइन" भन्ने वितृष्णा रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले इयोकलाई आफ्नो संस्थाको तर्फबाट सकारात्मक सहयोग रहने धारणा व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा उपाध्यक्ष श्रीकृष्ण सुवेदीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने संचालन रामकुमार भण्डारीले गर्नुभएको थियो ।

# अन्तरक्रिया कार्यक्रमको समिक्षा

अघिल्लो दिन सम्पन्न अन्तरक्रिया कार्यक्रम बारे भोलिपल्ट कार्यसमिति सदस्य तथा सल्लाहकारसहितको बैठकले समिक्षा गरेको थियो । समिक्षा बैठकमा सल्लाहकार वोर्णबहादुर कार्कीले संस्थालाई स्थायी संयन्त्रको रूपमा विकास गर्न सके राम्रो हुने विचार राख्नुभएको थियो । उनले कुनै पनि संस्थाको स्थायित्व हुने सके उसले आफ्नो जिम्मेवारीबोध गर्ने बताउनु भयो । अर्का सल्लाहकार विष्णुपुकार श्रेष्ठले निर्वाचन किन हुँदैन भन्नेहरूलाई पनि कार्यक्रममा उपस्थित गराउन सकेको भए राम्रो हुने बताउनु भयो । केही वक्ताहरूको प्रस्तुती केही विवादित भए पनि समग्रमा कार्यक्रम राम्रो रहेको बताउनु भयो । साथै उहाँले भोट नहाल्नेको पनि अनुगमन गर्नु पर्ने भन्दै संगठन विस्तारमा हतार नगर्न सुझाव दिनुभएको थियो । अतिथिका रूपमा उपस्थित हुनु भएका वरिष्ठ अधिवक्ता रामनारायण विडारीले निर्वाचन बहिष्कार कसरी गरिएको छ, हतियार प्रयोग गरिएको छ वा बल प्रयोग गरिएको छ त्यसको पनि पर्यवेक्षण गरिनु पर्ने बताउनु भयो । त्यस्तै सल्लाहकार रमण श्रेष्ठले संस्थाले निस्पक्ष ढंगले निर्वाचनको पर्यवेक्षण गर्नुपर्ने धारणा राख्नु भएको थियो । अन्य सहभागीहरूले पनि संस्थाले आयोजना गरेको पहिलो कार्यक्रम राम्रो भएको धारणा व्यक्त गरेका थिए ।

# दीर्घकालीन पर्यवेक्षण तालिम सम्पन्न



निर्वाचन पर्यवेक्षण समिति (इयोक) नेपाल दोस्रो संविधानसभाको निर्वाचन अघि स्थापना गरिएको भएपनि यसले दीर्घकालीन स्थायित्वको सोच राखेको छ । जसले आगामी दिनमा हुने अन्य सबै खालका निर्वाचनमा पनि पर्यवेक्षण गर्नेछ ।

संस्थाले आगामी संविधानसभाको निर्वाचनमा पर्यवेक्षण गर्नका लागि पाँच विकास क्षेत्रमा क्षेत्रीय समिति संयोजक तथा सबै जिल्लाको अनुगमन गर्ने गरी हाललाई ३० जिल्लामा तीन महिनाका लागि दीर्घकालीन पर्यवेक्षक गठन गरेको छ । उनीहरूले नजिकको जिल्लासहित ५५ क्षेत्रको अनुगमन गर्नेछन् । संस्थाले क्षेत्रीय संयोजक तथा दीर्घकालीन पर्यवेक्षकलाई तीन दिने तालिम प्रदान गरी आ-आफ्नो क्षेत्रमा खटाइसकेको छ । समितिले धुलिखेलमा सेप्टेम्बर २४ देखि २७ सम्म संचालन गरेको तीन दिने तालिममा संस्थाको बारेमा जानकारी गराउँदै निर्वाचन आयोगले व्यवस्था गरेको निर्वाचन आचारसंहिता, संविधान तथा संविधानसभा, भोटिङ प्रणाली तथा कानूनी प्रावधान, भोटिङ प्रक्रिया एवम् गणना, अन्तर्राष्ट्रिय प्रक्रिया, मतदान प्रक्रियामा देखिने विवाद र त्यसका समाधान तथा पर्यवेक्षकहरूले गर्नुपर्ने जिम्मेवारी बारे प्रशिक्षित गराइएको थियो । त्यसैगरी रिपोर्ट लेखन प्रक्रिया एवम् ढाँचाको बारेमा पनि जानकारी गराइएको थियो । इयोकले तालिम दिई कार्यक्षेत्रमा खटाएकाहरूलाई ज्याकेट तथा परिचयपत्र उपलब्ध गराएको छ ।

# निर्वाचन आयोगविरुद्ध सर्वोच्चमा रिट

**आफू मतदाता भएको क्षेत्रमा सर्वेक्षण गर्न नपाउने र पर्यवेक्षक हुनलाई तोकिएको शिक्षाको योग्यता मौलिक हक विरुद्ध भएको भन्दै निर्वाचन पर्यवेक्षण समिति(इयोक) नेपालले खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको थियो । तर यस रिटको बारेमा फैसला हुनुअघि नै आयोगले पर्यवेक्षकले आफ्नो बुथ बाहेक अन्य क्षेत्रमा पर्यवेक्षण गर्न पाउने फैसला गरेको हुँदा सर्वोच्चमा परेको यो निवेदन दरपिट गरियो । इयोकले सर्वोच्चमा दायर गरेको रिट :**

## श्री सर्वोच्च अदालतमा चढाएको निवेदनपत्र

**विषय:– नेपालको अन्तरिम सविधान, २०६३ को धारा १०७ (१) र (२) बमोजिम उत्प्रेषण, परमादेश लगायत जो चाहिने आदेश जारी गरिपाँऊ ।**

**प्रदिप पोखरेलसमेत** ....................................................................३

**विरुद्ध**

**निर्वाचन आयोग कान्तिपथ काठमाडौं समेत** ..........................................२

**मुद्दा : उत्प्रेषण परमादेश समेत**

हामी रिट निवेदक नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना एवम् धारा १२, १३ र २१ द्वारा प्रदत्त मौलिक हक एवम् ६३ (७) द्वारा प्रदत्त संवैधानिक हक प्रचलनका लागि ऐ. को धारा ३२ अनुसार र धारा १०७ (१) र (२) बमोजिम सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० बमोजिम निवेदन बापत लाग्ने दस्तुर रू. ५००/- बुझाई निम्नलिखित निवेदन गर्दछौं :

(१) माग दावीको मूल विषय: निर्वाचन आयोगद्वारा मिति २०७०/४/२५ मा जारी गरिएको संविधानसभा सदस्या निर्वाचन पर्यवेक्षण निर्देशिका २०७० को दफा ५ मा राष्ट्रिय पर्यवेक्षको लागि आवश्यक योग्यता तोकी सोहि दफाको उपदफा १ (ग) मा 'प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरह उत्तिर्ण भएको' हुनुपर्ने योग्यता तोकेको छ । त्यसैगरी सोही दफाको उपदफा २ (क) मा 'आयोगले सञ्चालन गरेको निर्वाचनमा पर्यवेक्षणको अनुभव भएका व्यक्तिहरूको हकमा एसएलसी उत्तिर्ण भएको' हुनुपर्ने भनि उल्लेख गरिएको छ । सोहि निर्देशिकाको दफा १६ मा अनुमति प्राप्त पर्यवेक्षण संघसंस्थाको कर्तव्य तोकी सोही दफाको उपदफा १ (ज) मा 'पर्यवेक्षकको स्थाई बसोबास भएको निर्वाचन क्षेत्रमा पर्यवेक्षणका लागि खटाउन पाईने छैन' भन्ने व्यवस्था गरिएको छ । उपरोक्त व्यवस्था हुनुले एकातर्फ हरेक नागरिकलाई एकसाथमा मतदान गर्ने र

### संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७० मा शंसोधन

आयोगबाट मिति २०७०/४/१४ मा स्वीकृत भएको संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७० को दफा १६ (ज) मा भएको व्यवस्थामा आयोगको मिति २०७०/७/७ को निर्णयबाट कुनै पनि व्यक्तिलाई निजको मतदाता नामावलीमा नाम समावेश भएको मतदानस्थलको पर्यवेक्षण गर्ने गरी खटाउने पाइने छैन भनि शंसोधन गरिएको ।

पर्यवेक्षण गर्ने अधिकारबाट वञ्चित भई ती मध्ये एक रोज्नु पर्ने हुनगएको छ । अर्को तर्फ पर्यवेक्षकको योग्यतामा शैक्षिक योग्यता समेत तोकिनुले आवश्यक संख्यामा निर्वाचन पर्यवेक्षकहरूद्वारा पर्यवेक्षण गर्न नसकिने भई पर्यवेक्षकहरूको अनुपस्थितिमा निर्वाचन निष्पक्ष, स्वतन्त्र एवम् धाँधलिरहित सम्पन्न नहुने खतरा बढेको छ । हाम्रो देशको जस्तो द्वन्द्व उप्रान्त शान्ति सम्झौताद्वारा संविधानसभा गठनका लागि हुने निर्वाचन पर्यवेक्षण विना गरिने कुनै पनि निर्वाचनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता पाउन नसक्ने हुन्छ । विपक्षी निर्वाचन आयोगद्वारा जारी उक्त निर्देशिकाका उपरोक्त प्रावधानहरू संविधान प्रदत्त मौलिक हक एवम् नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूको व्यवस्थासँग बाझिएको र उक्त प्रावधानहरूको मर्म विपरितसमेत भएकाले उत्त गैरकानूनी प्रावधान रोकी हरेक नागरिकलाई निर्धक्कसँग मतदान गर्ने नैसर्गिक हक स्थपित गर्न सम्मानित अदालत एक मात्र निकाय भएकाले सो हक प्रचलनका लागि यो रिट निवेदन दायर गरेका छौं । तसर्थ सार्वजनिक सरोकारको यो महत्वपूर्ण विषयमा यो रिट निवेदन गर्ने हक हामीलाई रहेको छ ।

(२) कानूनी प्रश्न : विपक्षी निर्वाचन आयोगद्वारा जारी गरिएको निर्देशिका संविधान एवम् कानूनी प्रावधानसँग प्रत्यक्ष बाझिने भई नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना धारा १२ धारा १३ धारा २१ र धारा ६३ एवम् नेपाल पक्ष भएका विभिन्न सन्धिसम्झौतामा उल्लेखित प्रावधानको मर्म विपरित रहेका छन् ।

(३) माग दाबी संवैधानिक एवम् कानूनी व्यवस्था विपरित विपक्षहरूबाट संविधानमा मौलिक हकको रूपमा रहेको व्यक्तिको वैयक्तिक स्वतन्त्रता मतदानको अधिकार, पर्यवेक्षकको अधिकार उपभोग गर्नबाट वञ्चित हुने अवस्था भएबाट उक्त अधिकार प्रचलन गराउन र अन्तरिम संविधानको प्रस्तावना, धारा १२, १३, १७ तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१, नागरिक तथा राजनीतिक अधिकारको महासन्धिको धारा २५, महिला विरूद्ध हुने सबै प्रकारका भेदहरूको अन्त्य सम्बन्धि महासन्धिको धारा ७ को उपधारा (क) र (ग), अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिको धारा २१,२२ र २ ९ विपरित र उक्त संवैधानिक ऐन कानूनी व्यवस्था विपरितसमेत रहेकाले उक्त निर्देशिका लागू हुँदा कुनै पनि नागरिकले निर्वाचन पर्यवेक्षण गर्न पाउने स्वतन्त्रता एवम् समानताको हकबाट बञ्चित हुनपर्ने भएकोले उक्त गैर संवैधानिक काम कारवाही रोकी संवैधानिक तथा कानूनी सर्वोच्चता कायम राख्नु संविधानको अन्तिम व्याख्यता तथा रक्षकसमेत रहेको सम्मानित सर्वोच्च अदालत नै भएकाले विपक्षीहरूका नाममा त्यस्तो गैरसंवैधानिक र गैरकानूनी रूपमा जारी गरिएको निर्वाचन पर्यवेक्षण निर्देशिकाको दफा ५ को उपदफा १ (ग), दफा ५ को उपदफा २ (क) र दफा १६ को उपदफा १ (ज) लागू नगर्न नगराउन विपक्षीहरूका नाममा तत्काल अन्तरिम आदेश जारी गरिपाऊँ । अन्तिम सुनुवाइका बखत सर्वसाधारण व्यक्तिलाई मौलिक हकको रूपमा रहको मतदानको अधिकार एवम् स्वतन्त्र निष्पक्ष र धाँधलिरहित निर्वाचन सम्पन्न गर्न अनुगमन गर्न पाउने हरेक नागरिकको व्यैक्तिक स्वतन्त्रताको अधिकार संरक्षण गर्न पर्यवेक्षण निर्देशिकाको दफा ५ को उपदफा १ (ग), दफा ५ को उपदफा २ (क) र दफा १६ को उपदफा १ (ज) वदर गरी एवम् भविष्यमा यस्तो गैरसंवैधानिक प्रावधानसहित कुनै पनि व्यवस्था भएको कानून जारी नगर्न सबै विपक्षीहरूका नाममा उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाऊँ ।

व्यहोरा साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला ।

**निवेदकहरु**

निज निवेदक प्रदिप पोखरेल..............१
निज अधिवक्ता श्रीकृष्ण सुवेदी...........१
निज अधिवक्ता रविन सुवेदी ..............१

इति सम्वत् २०७० साल असोज महिना १४ गते रोज २ शुभम्.........................।
मिति : २०७० आश्विन २३

# आयोगको ध्यानाकर्षण

आगामी संविधानसभाको निर्वाचनमा सहभागी हुन आम युवासमुदायलाई आह्वान गरी टेलिभिजनबाट प्रसारण हुने विज्ञापन र त्यस्तै खालको एक अर्को विज्ञापन निर्वाचन आचारसंहिता विपरित भएको भन्दै इयोकले राष्ट्रिय निर्वाचन आयोगको ध्यानाकर्षण गराएको थियो । इयोकको यस ध्यानकर्षणपत्रको सम्बोधन गर्दै आयोगले सच्याएको छ । संस्थाले आयोगलाई गराएको ध्यानाकर्षण पत्र यहाँ उल्लेख गरिएको छ :-

माननीय प्रमुख आयूक्तज्यू
निर्वाचन अयोग
काठमाण्डौ

विषय : निर्वाचन आचारसंहिताप्रति ध्यानाकर्षण ।


महोदय,

आसन्न संविधानसभा निर्वाचनमा नेपाल सरकार विभिन्न निकाय र राजनैतिक दलहरूबाट निर्वाचन आचारसंहिता उल्लंघन भएकोप्रति माननीय आयूक्तज्यूको ध्यानाकर्षण गर्दछौं । साथै, निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलिरहित सम्पन्न गराउनको लागि सुरक्षाको अहम भूमिका हुने भएकोले उमेद्वार र आम मतदाताहरूको सुरक्षा सुनिश्चितताका लागि सम्बन्धित निकायमा आवश्यक पहल र दबावका लागि समेत अनुरोध गर्दछौं । निर्वाचन आचारसंहिता उल्लंघन भएका केही प्रतिनिधिमूलक घटनाहरू तपशिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

अन्तमा, निर्वाचनका सम्पूर्ण गतिविधिमा आयोगसँग सहकार्य गदै पर्यवेक्षणको माध्यमबाट निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलिरहित सम्पन्न गराउन आवश्यक भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अन्य विषयमा पनि यसै साथ संलग्न पत्रमार्फत जानकारी गराउँदछौं ।

..........................

**प्रदिप पोखरेल**
अध्यक्ष
**निर्वाचन पर्यवेक्षण समिति, नेपाल**



पर्यवेक्षणको व्यवस्था खारेजीको माग राखी रिट दायर

■ गोरखापत्र समाचारदाता

काठमाडौं, असोज १६ गते । आफू मतदाता भएको निर्वाचन क्षेत्रमा पर्यवेक्षण गर्न नपाउने व्यवस्था खारेजीको मागसहित सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ ।

निर्वाचन पर्यवेक्षण समिति नेपालका अध्यक्ष प्रदीप पोखरेल तथा अधिवक्ताद्वय श्रीकृष्ण सुवेदी र रविन सुवेदीसमेतले मङ्गलबार यस्तो रिट निवेदन दायर गर्नुभएको हो । रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र निर्वाचन आयोगलाई विपक्षी बनाइएको छ ।

आगामी मङ्सिर ४ गते हुन लागेको संविधानसभा निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगद्वारा गत साउन २५ गते जारी गरिएको संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका २०७० को विभिन्न प्रावधान अन्तरिम संविधानविपरीत भएको भन्दै रिट निवेदनमा ती प्रावधान तत्काल रोक लगाउन अन्तरिम आदेशको माग गरिएको छ ।

त्यस निर्देशिकाको दफा ५ मा निर्वाचन पर्यवेक्षकका लागि योग्यता तोकिएको छ । जसअनुसार प्रवीणता प्रमाणपत्र तह वा दश जोड दुई वा सोसरह उत्तीर्ण भएको हुनुपर्ने, आयोगले सञ्चालन गरेको निर्वाचनमा पर्यवेक्षणको अनुभव भएका व्यक्तिहरूको हकमा एसएलसी उत्तीर्ण भएको हुनुपर्ने शैक्षिक योग्यता तोकिएको छ ।

यसैगरी दफा १६ मा अनुमति प्राप्त पर्यवेक्षण सङ्घसंस्थाको कर्तव्य तोकी पर्यवेक्षणको स्थायी बसोबास भएको निर्वाचन क्षेत्रमा पर्यवेक्षणका लागि खटाउन पाइने छैन भन्ने व्यवस्था गरिएको छ । उल्लेखित व्यवस्थाले हरेक नागरिकलाई एकसाथ मतदान गर्ने र पर्यवेक्षण गर्ने अधिकारबाट वञ्चित हुनुपर्ने अवस्था उत्पन्न भएको दावी रिट निवेदनमा गरिएको छ ।

<u>**तपशिल**</u>

- टेलिभिजनबाट प्रसारण हुने विज्ञापनमा हाम्रो ध्यानाकर्षण भएको छ । जसमा 'उठौं युवा जागौं युवा, संविधानसभाको निर्वाचनमा जुटौं युवा' भन्ने सन्देश प्रेषित गरिएको छ । उक्त विज्ञापनमा विभिन्न राजनैतिक दलका भात्रृ सँगठनसँग सम्बन्धित युवा नेताहरूलाई पात्र बनाईएको छ, यो आफैमा सराहनीय कार्य भएको छ । यो चेतनामूलक विज्ञापन निर्वाचनको लागि उमेद्वारी मनोनयन हुनुभन्दा अगाडिसम्मको

लागि अति उत्तम भएता पनि विज्ञापन देखिएका मध्येका एकजना पात्र महेश बस्नेत(नेकपा एमालेको भक्तपुर जिल्ला क्षेत्र नं. २ बाट र गणेश पुन (एकीकृत नेकपा माओवादी) को रूकुम जिल्लाबाट प्रत्यक्षतर्फका उमेद्‌वार भएकाले यस्ता विज्ञापन प्रसारप्रचार हुँदा निर्वाचन आचारसंहिताको उल्लंघन हुने भएकोले सम्मानित आयोगको ध्यानाकर्षणको लागि अनुरोध छ ।


nagariknews.com समाचार 3

पर्यवेक्षकको योग्यताविरुद्ध रिट

काठमाडौं, असोज १५ (नागरिक)- निर्वाचन पर्यवेक्षण निर्देशिकामा उल्लिखित पर्यवेक्षकको शैक्षिक योग्यता र आफ्नो निर्वाचन क्षेत्रमा पर्यवेक्षण गर्न नपाउने व्यवस्था खारेज गर्न माग गर्दै सर्वोच्च अदालतमा मंगलबार रिट दायर भएको छ।

सार्वजनिक सरोकार वकालत केन्द्रका अध्यक्ष श्रीकृष्ण सुवेदी, प्रदीप पोखरेल र रविन सुवेदीले संयुक्त रूपमा दायर गरेको रिटमा एकसाथ मतदान गर्ने र पर्यवेक्षण गर्ने अधिकारबाट वञ्चित गरिएको दावी छ।

निर्वाचन आयोगद्वारा जारी निर्देशिका, २०७० मा उल्लिखित केही प्रावधान अन्तरिम संविधान र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताविपरीत भएको जिकीर रिटमा गरिएको छ।

- त्यस्तै अन्य प्रचार सामाग्रीतर्फ भाषा र साहित्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरूलाई दौरा सुरूवाल कोटटोपीमा निर्वाचनको प्रचारप्रसारको लागि देखाइकोमा पनि हाम्रो ध्यानाकर्षण भएको छ । त्यसमा हाम्रो जस्तो भाषा, धर्म, संस्कृति, लैंगिक र पहिरनको विविधता भएको देशमा सबैको सहभागिता र सम्मान भएमा मात्र समावेशी हुने नभएका खण्डमा विभेदकारी हुनेतर्फ सम्मानित आयोगको ध्यानाकर्षण गर्न चाहान्छौं । उक्त प्रचारसामाग्री संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ५ विपरित देखिन्छ ।
- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ६५ मा नेपाल सरकारका कर्मचारी तथा सुरक्षाकर्मी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायमा कार्यरत कर्मचारी र सामुदायीक विधालयका शिक्षकलाई निर्वाचन सम्बन्धी काममा बाहेक अन्यत्र सरूवा गर्न, काजमा खटाउन, बढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्न हुँदैन भन्ने उल्लेख भएता पनि निर्वाचनको मिति घोषणा भईसकेको अवस्था र निर्वाचन सम्पन्न हुन आजका दिनदेखि ४३ दिन बाँकी रहेको अवस्थामा २०७० आश्विन १० गते सार्कको महासचिवको पदावधि ६ महिना बाँकी रहँदै नियूक्तिका लागि सिफारिस गरिनु माथि उल्लेखित प्रावधान विपरित देखिन्छ । यसतर्फ सम्माननीय आयोगको ध्यानाकर्षण गर्दछौ । स्मरण रहोस् सार्क महासचिवका लागि सम्बन्धित देशबाट ६ महिनाअघि नियूक्त भईसक्नु पर्ने कुनै कानूनी प्रावधान छैन । वर्तमान महासचिव अहमद सलिमलाई मालदिप्स सरकारले २२ फेब्रुअरी २०१२ मा नियूक्तिका लागि सिफारिस गरेको थियो भने निजले १२ मार्च २०१२ मा पद बहाली गरेका थिए ।
- तराईका विभिन्न जिल्लामा उमेद्‌वारहरूको मनोनयनदेखि प्रचारप्रसारमा व्यापक रूपमा भारतीय नम्बर प्लेट भएका गाडीहरूको प्रयोग भई रहेको पाईयो र यस्ता क्रियाकलापलाई निरूत्साहित गर्न स्थानीय प्रशासन, जिल्लास्थित निर्वाचन आयोगको भूमिका शुन्य भएको पाईयो । उक्त कार्य संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ३८, ३९, ४० र ४१ को विपरित रहेको छ ।
- त्यसैगरी बारा जिल्ला क्षेत्र नं. २ का नेकपा एमाले दलका उमेद्‌वार महमुद आलम माथिको सांघातिक आक्रमणले निर्वाचनमा चुन्ने र चुनिने मात्र नभई सम्पूर्ण नागरिकलाई भय खडा गरेको छ । यस परिवेशमा आयोगले भयरहित निर्वाचन सम्पन्न गराउन सरकार र सम्बन्धित सरोकारवाला निकायलाई सुरक्षाको प्रभावकारी प्रवन्धको लागि आवश्यक पहलकदमिका लागि अनुरोध गर्दछौं ।
- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा १६ मा कसैको पुत्ला लिएर हिड्‌न वा पुत्ला जलाउने कार्य गर्नु वा गराउनु हुँदैन भन्ने उल्लेख भएता पनि प्रत्यक्ष तर्फका उम्मेदवारहरूको उम्मेदवारी दर्ता गर्ने मिति : २०७० आश्विन १६ गतेका दिन देशका अधिकांस स्थानमा पुत्ला दहन भएका घटनाहरू देखिए । तर निर्वाचन आचारसंहिताको विपरितको कार्यलाई निरूत्साहित गर्न निर्वाचन आयोग ऐन २०६३ को दफा २ ९ अनुसार निर्वाचन आयोगबाट कुनै पहल भएको देखिएन ।

धन्यवाद ...

*Dristict Administration Office Reg. NO. 55/2070* *Social Welfare Council Afileted No. 37675*

# ELECTION OBSERVATION COMMITTEE NEPAL (EOC Nepal)

Shram Marg, Buddhanagar-10
Kathmandu-Nepal

मिति : २०७० आश्विन १८

## प्रेस-विज्ञप्ति

आश्विन बिहान १०:३० बजे आसन्न संविधानसभा निर्वाचनमा नेकपा एमालेका केन्द्रीय सदस्य तथा बारा जिल्ला निर्वाचन क्षेत्र नं.४ का उमेद्वार श्री महमुद आलम माथि भएको सांघतिक हमलाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने लक्ष्यका साथ सम्पन्न हुन गईरहेको संविधानसभा निर्वाचनमा राजनैतिक दल र जनसमुदायको उत्साहजनक सहभागिता भइरहेको अवस्थामा यस्ताखाले हिंसात्मक र आतताई क्रियाकलापले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न हुने कुरा माथि शंका उत्पन्न गराएको छ । यस परिपेक्ष्यमा राज्यभरिका सम्पूर्ण उमेद्वारहरू तथा मतदाता आम नागरिकहरूले डर, त्रास र भयरहित वातावरणमा चुन्ने र चुनिने मौलिक हक अधिकारको सदुपयोग गर्ने वातावरण सिंर्जना गर्न राज्यका सुरक्षा संयन्त्रहरू चुकेको सर्वत्र अनुभूति गरिएको छ । यस्ता खाले आततायी गतिविधि आगामी दिनहरूमा नहुन दिन चुस्त र दुरूस्त सुरक्षा व्यवस्थालाई कायम गर्नका लागि नेपाल सरकार, निर्वाचन आयोग लगायत सम्पूर्ण सरोकारवालाहरूमा अपिल गर्दछौ ।

पिडीत उमेद्वार महमुद आलमको स्वास्थ उपचार र परिवारका सदस्यहरूको सुरक्षाप्रति राज्यको गम्भीर ध्यान आकर्षण गर्दछौं । अन्तमा आलमको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

प्रदिप पोखरेल
अध्यक्ष

Shrma Marga, Buddha Nagar - 10
Phone : 014784568 Fax: 014781044
Email- eocnepal123@gmail.com URL : www.eocnepal.org.np



प्रत्येक दुई-दुई हप्तामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्था, अन्तर्राष्ट्रिय एजेन्सी तथा दाताहरूसँग मिटिङ्ग संचालन गर्दै आएको इयोक नेपालले आफ्नो कार्यालयमा २२ अक्टोबरका दिन छलफल कार्यक्रम गऱ्यो । सो अवसरमा संचारको अनुगमन तथा आचारसंहिता विपरित भएका कार्यहरूको बारेमा छलफल भएको थियो ।

# पत्रकार भेटघाट कार्यक्रम

२०७० आश्विन २३
रिपोटर्स क्लब, काठमाडौ

***सञ्चारकर्मी मित्रहरू,***

निर्वाचन पर्यवेक्षण समिति नेपाल (Election Observation Committee Nepal-EOC Nepal) देशमा हुने सम्पूर्ण किसिमका निर्वाचन सम्बन्धि क्रियाकलापमा सक्रिय रूपमा सहभागिता र भूमिका खेल्ने उद्देश्यले स्थापना भएको एक गैरनाफामूलक गैरसरकारी संस्था हो । यसले निर्वाचन प्रयोजनका लागि मतदाता नामावली संकलन, मतदाता शिक्षा, मतदानमा सक्रिय सहभागिता, निर्वाचनको मनोनयन, मतदान क्रियाकलाप, प्रचारप्रसार, मतगणना, मतदानको परिणाम साथै मतगणनाको परिणाम पश्चातका सम्पूर्ण गतिविधिहरूमा सरकारी गैरसरकारी, राजनैतिक दल, निर्वाचन आयोग, सुरक्षाकर्मी लगायत सरोकारवाला सम्पूर्ण निकायको नीति, गतिविधि र क्रियाकलापको शुष्म रूपमा पर्यवेक्षण तथा अनुगमन गर्ने कार्य गर्दछ ।

यस संस्थाको स्थापनामा आ-आफ्ना क्षेत्रमा क्रियाशील अधिकारकर्मी, कानून व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी, प्राध्यापक लगायतको क्रियाशीलता रहेको छ । हाल यसले आगामी मंसिर ४ गते सम्पन्न हुने निर्वाचनको सक्रियातापूर्वक पर्यवेक्षण गर्ने उद्देश्यका साथ आफ्ना क्रियाकलापलाई अघि बढाईरहेको छ । संस्थाले निर्वाचन सम्पन्न गर्ने निकाय, निर्वाचनमा सहभागिता जनाउने निकायका साथै निर्वाचन बहिस्कार गर्ने राजनैतिक दल र निकायहरूको क्रियाकलापहरूको समेत पर्यवेक्षण गरिरहेको कुरा जानकारी गराउँदछौ ।

यस संस्थाको स्थापना विभिन्न क्षेत्रका कृयाशिल व्यक्तित्वहरूको २०६९ चैत्र ३१ गते शनिवार सम्पन्न भएको एक भेलाले १५ सदस्यीय कार्यसमितिको निर्माण गरी भएको हो ।

**गतिविधि :**

यस संस्थाले आफ्नो स्थापनासँगै मिति २०७० श्रावण २४ गते मन्त्रीपरिषद्का सम्मानीय अध्यक्ष खिलराज रेग्मीको प्रमुख आतिथ्यता, चार प्रमुख राजनैतिक दलका प्रतिनिधिहरू, पूर्व प्रमुख निर्वाचन आयूक्त, पत्रकार महासंघका अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोगका आयुक्त, वन उपभोक्ता महासंघकी अध्यक्षको आतिथ्यतामा होटल एभरेष्टमा एक बृहत् अन्तरक्रिया कार्यक्रमसहित आफ्ना गतिविधिहरू सुरूवात गरेको सहर्ष जानकारी गराउँदछौ ।

- मिति २०७० भाद्र १ गते देखि श्रममार्ग बुद्धनगर-१० मा केन्द्रीय कार्यालयको स्थापना र सञ्चालन ।
- मिति २०७० भाद्र १ गते देखि देशका चार क्षेत्र ईटहरी, बुटवल, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय कार्यालयको स्थापना तथा मध्यक्षेत्रका लागि बारा-कलैयामा कार्यालय स्थापना ।
- मिति २०७० आश्विन ८ गते देखि ११ गते सम्म ३० जिल्लाका ३५ जना दिर्घकालिन पर्यवेक्षकहरू (Long term observer – LTO's) लाई प्रशिक्षण संचालन । तीस जना पर्यवेक्षकहरूले छिमेकी जिल्लाहरूसमेत गरी लगभग ५० जिल्लामा पर्यवेक्षण गर्ने छन् ।
- जिल्लामा खटिएका पर्यवेक्षकहरूले आफ्नो पर्यवेक्षणको गतिविधि मिति २०७० देखि सञ्चालन गरिसकेको जानकारी गराउँदछौं ।
- निर्वाचन आयोगले जारी गरको पर्यवेक्षकहरूका लागि आचारसंहिता संविधानको प्रशतावना विपरित, मानवअधिकार, समावेशी र अन्तर्राष्ट्रिय मूल्यमान्यता विपरित रहेको हुँदा त्यस्ता

प्रावधानहरू खारेज गर्ने माग सहित मिति २०७० आश्विन १५ गतेका दिन सर्वोच्च अदालतमा रिट निवेदन दर्ता ।

- बारा क्षेत्र नं. ४ का एमालेका उम्मेदवार माथि भएको गोली प्रहारको घटनाको सत्यतथ्य अनुगमनका लागि केन्द्रीय सदस्यसहितको टोली खटाइएको ।

**भावि कार्यक्रमहरू :**

- मंसिर ४ को संविधानसभाको निर्वाचनलाई ध्यानमा राखि छोटो समयको (Short Term) पर्यवेक्षणका लागि ७५ वटै जिल्लामा करिब ३ हजार देखि ५ हजार पर्यवेक्षकहरु परिचालन गर्ने योजना रहेको छ ।
- हरेक १५ दिनमा पत्रकार सम्मेलन गरी निर्वाचन पर्यवेक्षण सम्बन्धि गतिविधि र क्रियाकलापका बारेमा जानकारी गराउने ।
- हरेक महिना पर्यवेक्षण गतिविधि प्रतिवेदनसहितको बुलेटिन प्रकाशन तथा वितरण ।
- निश्पक्ष, स्वतन्त्र र धाँधलिरहित निर्वाचन सम्पन्न गराउन आवश्यकता अनुसार सरोकारवाला निकायहरूसँग निर्वाचनको वकालत तथा अन्तरक्रिया गर्ने ।
- निर्वाचनसँग सम्बन्धित मानवअधिकार उल्लंघन एवम् निर्वाचन कानून र आचारसंहिता विपरित भएका घटनाहरूको सत्यतथ्य अनुगमन गरी सम्बन्धित निकायलाई सचेत गराउन विज्ञहरु सम्मिलित द्रुत दौडाहा टोली आवश्यकता अनुसार खटाइने छ ।
- निर्वाचनसँग सम्बन्धित सार्वजनिक सरोकारको कुनै विषयमा तत्काल सम्मानित अदालतको हस्तक्षेप आवश्यक देखिएमा (PIL) को माध्यमबाट निकास खोज्न पहल गरिने छ ।

**सञ्चारकर्मी मित्रहरू,**

आजको यस पत्रकार भेटघाट कार्यक्रम निर्वाचन आचारसंहिता उल्लंघनका घटनामा सम्बन्धित सरोकारवालाको गम्भिर ध्यान पुगोस् भनि आयोजना गरिएको हो । जसका लागि तपाईहरु सबैको सहयोगको अपेक्षा गर्दछौं ।

**आचारसंहिता उल्लंघन सम्बन्धमा :**

संविधानसभा निर्वाचन आचारसंहिता २०७० को उल्लंघनका सम्बन्धमा आसन्न संविधानसभा निर्वाचनमा नेपाल सरकार विभिन्न निकाय र राजनैतिक दलहरूबाट निर्वाचन आचारसंहिता उल्लंघन भएकोप्रति यस संस्थाले एक पत्रमार्फत निर्वाचन आयोगको ध्यानाकर्षण गराइएको छ । साथै निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलिरहित सम्पन्न गराउनको लागि सुरक्षाको अहम भूमिका हुने भएकोले उमेद्वार र आम मतदाताहरूको सुरक्षा सुनिश्चितताका लागि सम्बन्धित निकायमा आवश्यक पहल र दबाबका लागि समेत अनुरोध गरेको छ । निर्वाचन आचारसंहिता उल्लंघन भएका केहि प्रतिनिधिमूलक घटनाहरु यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

अन्तमा निर्वाचनका सम्पूर्ण गतिविधिमा आयोगसँग सहकार्य गदै पर्यवेक्षणको माध्यमबाट निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलिरहित सम्पन्न गराउन आवश्यक भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अन्य विषयमा पनि यसै साथ संलग्न पत्रमार्फत जानकारी गराउँदछौं ।

**आचारसंहिता उल्लंघनका केहि प्रतिनिधिमूलक घटनाहरू :**

- टेलिभिजनबाट प्रसारण हुने विज्ञापनमा हाम्रो ध्यानाकर्षण भएको छ । जसमा "उठौ युवा जागौं युवा संविधानसभाको निर्वाचनमा जुटौ युवा" भन्ने सन्देश प्रेषित गरिएको छ । उक्त विज्ञापनमा विभिन्न राजनैतिक दलका भात्रृ सँगठनसँग सम्बन्धित युवा नेताहरूलाई पात्र बनाइएको छ, यो आफैमा सराहनीय कार्य भएको छ । यो चेतनामूलक विज्ञापन निर्वाचनको लागि उमेद् वारी मनोनयन हुनुभन्दा अगाडिसम्मको लागि अति उत्तम भएता पनि विज्ञापनमा देखिएका मध्येका एकजना पात्र महेश बस्नेत (नेकपा एमालेको भक्तपुर जिल्ला क्षेत्र नं. २ बाट र गणेश पुन (एकीकृत नेकपा माओवादी)को रूकुम जिल्लाबाट प्रत्यक्षतर्फका उमेद्वार भएकाले यस्ता विज्ञापन प्रसारप्रचार हुँदा निर्वाचन आचारसंहिताको

उल्लंघन हुने भएकोले सम्मानित आयोगको ध्यानाकर्षणको लागि अनुरोध छ ।

- त्यस्तै अन्य प्रचार सामाग्रीतर्फ भाषा र साहित्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरूलाई दौरा, सुरुवाल, कोट र टोपीमा निर्वाचनको प्रचारप्रसारको लागि देखाइकोमा पनि हाम्रो ध्यानाकर्षण भएको छ । त्यसमा हाम्रो जस्तो भाषा, धर्म, संस्कृति, लैंगिक र पहिरनको विविधता भएको देशमा सबैको सहभागिता र सम्मान भएमा मात्र समावेशी हुने नभएका खण्डमा विभेदकारी हुनेतर्फ सम्मानित आयोगको ध्यानाकर्षण गर्न चाहन्छौं । उक्त प्रचार सामाग्री संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ५ विपरित देखिन्छ ।
- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ६५ मा नेपाल सरकारका कर्मचारी तथा सुरक्षाकर्मी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायमा कार्यरत कर्मचारी र सामुदायीक विद्यालयका शिक्षकलाई निर्वाचन सम्बन्धी काममा बाहेक अन्यत्र सरुवा गर्न, काजमा खटाउन, बढुवा गर्न वा रिक्त पदमा पूर्ती गर्न हुँदैन भन्ने उल्लेख भएता पनि निर्वाचनको मिति घोषणा भइसकेको अवस्था र निर्वाचन सम्पन्न हुन आजका दिनदेखि ४३ दिन बाँकी रहेको अवस्थामा २०७० आश्विन १० गते सार्कको महासचिवको पदावधि ६ महिना बाँकी रहँदै नियूक्तिका लागि सिफारिस गरिनुमाथि उल्लेखित प्रावधान विपरित देखिन्छ । यसतर्फ सम्मानीय आयोगको ध्यानाकर्षण गर्दछौं । स्मरणरहोस् सार्क महासचिवका लागि सम्बन्धित देशबाट ६ महिनाअघि नियूक्त भइसक्नु पर्ने कुनै कानूनी प्रावधान छैन । वर्तमान महासचिव अहमद सलिमलाई मालदिभ्स सरकारले २२ फेब्रुअरी २०१२ मा नियूक्तिका लागि सिफारिस गरेको थियो भने निजले १२ मार्च २०१२ मा पद बहाली गरेका थिए ।
- तराईका विभिन्न जिल्लामा उम्मेद्वारहरूको मनोनयनदेखि प्रचारप्रसारमा व्यापक रूपमा भारतीय नम्वर प्लेट भएका गाडीहरूको प्रयोग भइरहेको पाईयो र यस्ता क्रियाकलापलाई निरूत्साहित गर्न स्थानीय प्रशासन, जिल्लास्थित निर्वाचन आयोगको भूमिका सुन्य भएको पाईयो । उक्त कार्य संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ३८, ३९, ४० र ४१ को विपरित रहेको छ ।
- त्यसैगरी बारा जिल्ला क्षेत्र नं. २ का नेकपा एमालेका उमेद्वार महमुद आलम माथिको सांघातिक आक्रमणले निर्वाचन निर्वाचनमा चुन्ने र चुनिने मात्र नभई सम्पूर्ण नागरिकलाई भय खडा गरेको छ । यस परिवेशमा आयोगले भयरहित निर्वाचन सम्पन्न गराउन सरकार र सम्बन्धित सरोकारवाला निकायलाई सुरक्षाको प्रभावकारी प्रवन्धको लागि आवश्यक पहल कदमीका लागि अनुरोध गर्दछौं ।
- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा १६ मा कसैको पुत्ला लिएर हिंड्न वा पुत्ला जलाउने कार्य गर्नु वा गराउनु हुदैन भन्ने उल्लेख भएता पनि प्रत्यक्ष तर्फका उम्मेदवारहरूको उम्मेदवारी दर्ता गर्ने मिति : २०७० आश्विन १६ गतेका दिन देशका अधिकांश स्थानमा पुत्ला दहन भएका घटनाहरु देखिए । तर निर्वाचन आचारसंहिताको विपरितको कार्यलाई निरूत्साहित गर्न निर्वाचन आयोग ऐन २०६३ को दफा २ ९ अनुसार निर्वाचन आयोगबाट कुनै पहल भएको देखिएन ।

*अन्त्यमा विजया दशमीको हार्दिक मंगलमय शुभकामना सहित ।*

धन्यवाद !

....................

**प्रदिप पोखरेल**

अध्यक्ष

निर्वाचन पर्यवेक्षण समिति नेपाल

# मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको ध्यानाकर्षण

मिति २०७० कार्तिक ११ गते यस निर्वाचन पर्यवेक्षण समिति नेपालका अध्यक्ष प्रदिप पोखरेलको नेतृत्वको पदाधिकारीहरूको टोलीले आसन्न संविधानसभाको निर्वाचन स्वतन्त्र निष्क्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि निम्न लिखित कुराहरू प्रति मन्त्री परिषद्का सम्माननिय अध्यक्षको ध्यानाकर्षण गराएको छ । जसको पूर्ण विवरण निम्नानुसार रहेको छ ।

**सम्माननिय अध्यक्ष ज्यू**
**मन्त्री परिषद नेपाल सरकार**
**सिंह दरवार, काठमाण्डौ**

**विषय : आसन्न संविधानसभा निर्वाचनको सन्दर्भमा ध्यानाकर्षण ।**

सम्माननिय,

उपरोक्त सम्वन्धमा निर्वाचन पर्यवेक्षण समिति नेपाल दोस्रो संविधानसभा निर्वाचनको घोषणासँगै गठन भई नेपाल सरकार, समाज कल्यण परिषद् तथा निर्वाचन आयोगमा समेत दर्ता भई निर्वाचनसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूलाई गहिरोसँग अवलोकन र अनुगमन गरिरहेको व्यहोरा विदितै छ । यसै सन्दर्भमा यस समितिद्वारा करिब ५० जना दिर्घकालिन पर्यवेक्षकहरू मुलुकभर खटाई दैनिक रूपमा हरेक जस्तो घटनालाई गहिरो रूपमा पर्यवेक्षण गरिरहेको छ । नेपालमा खटिएका यस संस्थाका पर्यवेक्षकहरूको हालसम्मको प्रतिवेदनको आधारमा निर्वाचनसँग सम्बन्धित नेपाल सरकार तथा निर्वाचन आयोगको तयारी सन्तोषजनक रूपमा अगाडी बढिरहेको पाईएको छ । साथै निर्वाचन हुन्छ वा हुँदैन भन्ने बहसको अन्त्य भई सिङ्गो मुलुक निर्वाचनमय भएको सहर्ष जानकारी गराउँदछौ । मुलुक यस अवस्थामा आउन नेपाल सरकारले खेलेको भूमिका प्रशंसनिय छ । तथापी निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन र आम नागरिकहरूको उत्साहजनक सहभागिताको लागि निम्न लिखित कुराहरूप्रति नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहान्छौं ।

**१. नेपाल सरकारको भुमिका सन्दर्भमा ।**

- विभिन्न स्थानहरूमा दैनिक जसो निर्वाचन बिथोल्ने क्रियाकलापहरू व्यापक रूपमा बढदै गईरहेकाले सरकारले आमनागरिकहरूलाई डर, त्रास र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने कुराप्रति आश्वस्त पार्न सुरक्षासँग सम्बन्धित निकायलाई चुस्त बनाउँदै अवाञ्छित तथा गैरकानूनी क्रियाकलापहरूलाई निरूत्साहित गर्न प्रभावकारी कदम तत्काल चाल्नु पर्ने ।
- निर्वाचनको संघारमा सरकार निर्वाचनसँग सम्बन्धित गतिविधिमा केन्द्रित हुनुपर्नेमा सार्क महासचिव लगायतका नियूक्तिहरू तथा कर्मचारीहरूको सरूवा-वढुवा निरन्तर भइरहनुले सरकारबाटसमेत निर्वाचन आचारसंहित विपरित क्रियाकलापहरू भएको घटनाप्रति यस संस्थाको ध्यानाकर्षण भएको छ । निर्वाचनलाई असर पार्ने यस्ता खाले गतिविधिहरू तत्काल रोक्नका लागि सरकारको ध्यानाकर्षण गर्दछौं ।

**२. निर्वाचन आयोगको भूमिका सन्दर्भमा ।**

- निर्वाचन आयोगद्वारा जारी निर्वाचनसँग सम्बन्धित आचारसंहिता एवम् निर्देशिका र नियमावलिहरू पटक पटक परिर्वतन गरिरहनुले निर्वाचन आयोगको स्वायत्तता प्रति शंका उत्पन्न भएको छ ।

- सरकार लगायत निभिन्न राजनैतिक दल तथा संघसंस्थाहरूबाट निर्वाचन आचारसंहिता विपरित सयौं घटना भइरहेको अवस्थाप्रति विभिन्न समयमा निर्वाचन आयोगलाई ध्यानाकर्षण गराउँदासमेत कारवाहिप्रति उदासिनताको कारण उल्लंघनका घटनाहरूमा तिब्रता आएको पाईएको छ ।

**३. राजनैतिक दलको क्रियाकलाप सन्दर्भमा ।**

- निर्वाचनको संघारमा राजनैतिक दलहरूमा अस्वस्थ प्रतिस्पर्धाको कारण कतिपय स्थानमा मुडभेडको अवस्था सिर्जना भएको अवस्था छ । जसले गर्दा सिंङ्गो निर्वाचन नै हिंसात्मक हुने हो कि भन्ने त्रास जनतामा उत्पन्न हुन गएको छ ।
- दलहरूले निर्वाचनको प्रचार प्रसारको क्रममा निर्वाचन आचारसंहिताको उल्लंघन हुने किसिमका क्रियाकलापहरू व्यापक रूपमा भइरहेको अवस्था (भारतीय गाडीको प्रयोग, अनावश्यक खर्च गरी प्रचार सामाग्रीको प्रयोग, भोज भतेर, चन्दा वा निर्माणका कार्य) प्रति सरकारको ध्यानाकर्षण गराउँदछौं ।
- प्रचारका क्रममा एकले अर्कालाई निषेध गर्ने प्रवृत्ति, गालीगलौचको राजनीति, भड्किलो र खर्चिलो संस्कृतिलाई रोकि लोकतान्त्रिक राजनैतिक संस्कृति अंगिकार गर्न/गराउन सरकारको सक्रिय पहलको अपेक्षा गर्दछौं ।

**४. सञ्चार जगतको भूमिका सन्दर्भमा ।**

- निर्वाचनको सन्दर्भमा विद्युतिय र छापा सञ्चारले गरेको समाचार सम्प्रेषणमा कतिपय अवस्थामा अमुक राजनैतिक दलको प्रचारप्रसारमा सहयोग पुग्न जाने जस्ता क्रियाकलापले प्रश्रय पाइरहेको अवस्थामा सञ्चार जगतको विश्वासनियता र स्वतन्त्र पत्रकारितामा असर पर्नुका साथै निर्वाचन आचारसंहिता समेतको उल्लंघन भइरहेको अवस्थाप्रति सरकारको ध्यानाकर्षण गराउँदछौं ।
- चौंथो अंगको रूपमा रहेको सञ्चार जगतको क्रियाकलापका कारणले पनि निर्वाचनको स्वतन्त्रता, निष्पक्षता र भयरहित वातावरणमा सम्पन्न हुनेप्रति आशंका उत्पन्न हुने भएकोले सञ्चार जगतको आचारसंहिता कडाईका साथ कार्यान्वयन गर्न/गराउन सरकारको ध्यानाकर्षण गराउँदछौं ।

**५. गैरसरकारी संस्थाहरुको सन्दर्भमा ।**

- कतिपय गैससबाट निर्वाचनको सन्दर्भमा कुनै अमूक दलहरूलाई फाइदा र कुनै अमुक दलहरूलाई नोक्सान हुने गरी आफ्नो क्रियाकलाप केन्द्रित गरेको पाइएको छ । खासगरी द्वन्द्वकालिन घटनाहरूलाई अतिरन्जित प्रचार एवम् वकालतको नाउँमा निर्वाचन प्रभाव पार्न कतिपय गैसस उद्दत रहेको पाइएको छ ।
- निर्वाचनको संघारमा गैससद्वारा समुदायमा हुने विकास कार्यक्रमहरू कुनै राजनैतिक दलको उमेदवारको सिफारिसमा लागू गरेकोसमेत पाइएकाले तत्काल रोक्नका लागि पहल गर्न सरकारको ध्यानार्कषण गराउन चाहान्छौं ।

**६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संघसंस्थाको भूमिका सम्बन्धमा**

- कतिपय पर्यवेक्षक संघसंस्थाहरू अमुक दलको मात्र निगरानी गर्ने, प्रतिवेदन सार्वजनिक गर्ने तर अमुक दलप्रति मौन रहने गरेको पाइएकाले पर्यवेक्षण तटस्थ बनाउने तर्फ पहल गर्न नेपाल सरकारकोसमेत ध्यानार्कषण गराउन चाहान्छौं ।

अन्त्यमा समग्रमा निर्वाचनको सुरक्षा निति व्यवस्था एवम् सबै क्रियाकलाप सन्तोषजनक भएतापनि माथि उल्लेखित कुराहरूमा तत्काल नेपाल सरकारको पहल भएमा निर्वाचन अझ बढी स्वतन्त्र हुने विश्वासका साथ आगामी दिनमा नेपाल सरकारको सुझाव, सहयोग र संयोजन एवम् सहकार्यको अपेक्षा गर्दछौं ।

भवदिय

अध्यक्ष
**प्रदिप पोखरेल**
निर्वाचन पर्यवेक्षण समिति नेपाल

# पत्रपत्रिकामा आचारसंहिता उल्लंघनका घटनाहरु



पूर्वीतराईमा प्रचारप्रसार

## निर्वाचन आचासंहिता उल्लंघनमा प्रतिस्पर्धा

## माओवादी कार्यकर्ताद्वारा प्रचारमा अवरोध

केशवराज पौडेल/राजधानी

काभ्रे, ४ कात्तिक

संविधानसभा निर्वाचनको प्रचारका लागि गएका एकीकृत नेकपा माओवादी उम्मेदवारसहितको टोलीलाई नेकपा-माओवादी कार्यकर्ताले लखेटेका छन्।

संविधानसभा निर्वाचन बिथोल्ने उद्घोषका साथ चुनावी अभियानमा लागेका माओवादी कार्यकर्ताले एमाओवादी काभ्रे क्षेत्र नम्बर ४ का प्रत्यक्षतर्फका उम्मेदवार नारायण बानियाँ तथा समानुपातिकतर्फका उम्मेदवार तथा पूर्वश्रमराज्यमन्त्री गोविन्दनाथ उप्रेतीको ...

निर्देशनअनुसार नै गाउँको वडासम्म निर्वाचन बिथोल्न कार्यकर्ता परिचालन गरेको देवकोटाले बताए। 'हामीले कार्यकर्तालाई भोट माग्न आएका उम्मेदवारलाई गाउँ प्रवेश गर्न रोक लगाउने, त्यसको उल्लंघन गरेर गाउँ छिरे लखेट्ने निर्देशन दिएका छौं,' देवकोटाले भने।

**एमाले र एमाओवादी कार्यकर्ताबीच कुटाकुट**

निर्वाचनका विषयमा चर्काचर्की हुँदा एमाओवादी र एमालेका कार्यकर्ताबीच कुटाकुट भएको छ। पाँचखाल र जैसीथोक गाविसको सिमानामा रहेको बोक्से खोला दोभानको चिया पसलमा आइतबार एमाओवादी र एमाले कार्यकर्ताबीच कुटाकुट भएको हो। कुटपिटबाट ...

## उम्मेदवारको जिपमा आगजनी

नयाँ पत्रिका

कास्की, ६ कात्तिक

कास्कीको निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएका एकीकृत माओवादीका उम्मेदवार विष्णु पौडेलको जिपमा बुधवार बिहान अज्ञात समूहले आगजनी गरेको छ।

चुनाव प्रचारप्रसारका लागि पौडेलले प्रयोग गर्दै आएको ग.१च ५१४३ नम्बरको बुलेरो जिप कास्कीको सिद्ध गाविसमा बुधवार बिहान सवा ४ बजेतिर अज्ञात समूहले आगजनी गरेको हो।

कास्कीको पूर्वी गाविस सिद्ध-६ स्थित निबुवास्वाँरामा पार्किङ गरेर राखेको जिपसहित त्यहाँ रहेका प्रचार सामग्रीसमेत जलेर ध्वस्त भएको एमाओवादी कास्कीले जनाएको छ। घटनाको जानकारी पाउनेबित्तिकै इलाका प्रहरी कार्यालय डाँडाको नाकबाट प्रहरी निरीक्षकको नेतृत्वमा १२ जनाको टोली घटनास्थल पुगेको थियो।

बास बसेको ठाउँबाट बिहान ४ बजे उठेर नित्यकर्म गर्न जाने बेलाको छोटो समयमा जिपमाथि आगजनी भएको उम्मेदवार पौडेलले बताए। आगजनी गर्नेहरूले केही प्रचार सामग्रीसमेत लुटेर लगेको पौडेलले जानकारी दिए। आगजनीमा संसद्वादी पार्टीको हात रहेको हुनसक्ने पौडेलको आशंका छ।

'देशव्यापी ... माओवादीको ... चुनाव ...

राष्ट्रिय

## चुनाउ सामग्री जलाइयो

एक महिला घाइते, प्रचार सभा अवरुद्ध

अन्नपूर्ण

उम्मेदवारको गाडीमा ...

## आचारसंहिता उल्लंघन बढ्दो

के छ आचारसंहितामा ?

'७ प्रदेशमा ...

### गच्छदारको र्‍यालीमा सयौं सवारी साधन

### अटेर गर्नेको उम्मेदवारी रद्द गर्ने तयारी

## आचारसंहिता उल्लंघन बढ्दो

के छ आचारसंहितामा ?

### गच्छदारको र्‍यालीमा सयौं सवारी साधन

### अटेर गर्नेको उम्मेदवारी रद्द गर्ने तयारी

# अनलाइन मिडियामा इयोकका समाचार



निर्वाचन आचारसंहिता बारे आयोगको ध्यानाकर्षण

सरकार र राजनीतिक दलहरुले निर्वाचन आचारसंहिता उलङ्घन गरे: निर्वाचन पर्यवेक्षण समिति

निर्वाचन पर्यवेक्षण निर्देशिका सच्चयाउन माग गर्दै रिट

निर्वाचन पर्यवेक्षण निर्देशिकाको दफा ५ र १६ खारेज गर्न रिट दायर

काठमाडौं, १५ असोज। निर्वाचन आयोगले जारी गरेको निर्वाचन पर्यवेक्षण निर्देशिकामा उल्लेखित पर्यवेक्षकका लागि आवश्यक न्यूनकतम योग्यता र पर्यवेक्षकको स्थायी बसोवास भएको क्षेत्रमा पर्यवेक्षणका लागि नखटाइने व्यवस्था खारेज गर्न माग गर्द मङ्गलवार सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको छ।

सो निर्देशिकाको दफा ५ (१) र (२)मा राष्ट्रिय पर्यवेक्षकका लागि प्रविणता प्रमाणपत्र तह वा दस जोड दुई पास भएको हुनुपर्ने र अनुभव प्राप्त व्यक्तिले भने एसएलसी पास गरेको हुनुपर्ने तथा दफा १६-१ज)मा पर्यवेक्षकको स्थायी बसोवास भएको निर्वाचन क्षेत्रमा पर्यवेक्षणका लागि खटाउन पाइने छैन भन्ने कुरा उल्लेख छ।शैक्षिक योग्यताका कारण आवश्यक मात्रामा पर्यवेक्षकद्वारा पर्यवेक्षण गर्न नसकिने भइ निर्वाचन स्वतन्त्र निशपक्ष र धाँधलीरहितरूपले सम्पन्न नहुने खतरा बढेको छ भने अकोर्तर्फ व्यक्तिको एकसाथ मतदान गर्ने र पर्यवेक्षण गर्ने अधिकारबाट वञ्चित भइ दुईमध्ये एक विकल्प रोज्नुपर्ने बाध्यता सिर्जना भएको उल्लेख गर्द यस्तो प्रावधानले व्यक्तिको मौलिक हक हनन् हुनुका साथै अन्तर्राष्ट्रिय सन्धि सम्झौतासँग बाझिएकाले बदर गर्न रिट निवेदनमा माग गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र निर्वाचन आयोगलाई बिपक्षी बनाई निर्वाचन पर्यवेक्षण समिति नेपालका अध्यक्ष प्रदिप पोखरेल, अधिवक्ता श्रीकृष्ण सुवेदी र सार्वजनिक सरोकार वकालत केन्द्रका महासचिव रविन सुवेदीले सो रिट दायर गरेका हुन्।

स्रोत / लेखक / सम्वददाता : रासस

## निर्वाचन पर्यवेक्षण समिति नेपाल दीर्घकालीन पर्यवेक्षकहरू

| सि.न | नाम | ठेगाना | सम्पर्क |
|---|---|---|---|
| १ | कृष्णा देवकोटा | रसुवा | ९८४९८२२३४६ |
| २ | राजेशप्रसाद यादव | बारा | ९८४५२२६२२८ |
| ३ | बद्री शिवाकोटी | काठमाडौं | ९८४१३३६४४४ |
| ४ | कृष्णा पाण्डे | ललितपुर | ९८१३६८३५०५ |
| ५ | सविता लोहनी | चितवन | ९८४९०३२५४१ |
| ६ | विष्णु पोखरेल | भक्तपुर/काभ्रे | ९८४८०२२१२६ |
| ७ | पदम घिमिरे | दमक | ९८४२६२२२१० |
| ८ | महेन्द्र मेहेता | सप्तरी/धनुषा | ९८१९०४४४०५ |
| ९ | कमल बजगाईं | संखुवासभा | ९८४५२०५१०९ |
| १० | श्रीप्रसाद यादव | सिरहा | ९८४१५६५४३८ |
| ११ | पदमप्रसाद पाण्डे | गुल्मी | ९८४७०३९४४१ |
| १२ | शिला रिमाल | मोरङ | ९८४२०७१०६१ |
| १३ | हरिनारायण रेग्मी | नवलपरासी | ९८५७०४०५८१ |
| १४ | जगदिश शर्मा पौडेल | पर्वत | ९८४७६२३८९४ |
| १५ | रामचन्द्र आचार्य | गोरखा | ९८४१२८५९२५ |
| १६ | मात्रिका पोखरेल | कपिलवस्तु | ९८४७०२६१४४ |
| १७ | बिमल गौतम | दाङ | ९८४७८२२०७० |
| १८ | मिरा शर्मा | बाँके | ९८४८०४६८५१ |
| १९ | पार्वता आचार्य | प्युठान | ९८४७८२१०२२ |
| २० | प्रकाश शर्मा | बर्दिया | ९८५८०२५३३७ |
| २१ | रामराज कठायत | सुर्खेत | ९८१६५२१८५५ |
| २२ | मेनुका परियार | रूकुम | ९८४७९४७५२५ |
| २३ | नरेश बस्नेत | जाजरकोट | ९७४८०२६४३० |
| २४ | कमल खत्री | जुम्ला | ९८४८३१२४९८ |
| २५ | रूद्रप्रसाद खनाल | कैलाली | ९८४८४५४२३० |
| २६ | टेक सार्की | डोटी | ९८४८६७९११६ |
| २७ | निराजन विष्ट | कैलाली | ९८४८८२८४९० |
| २८ | सम्झना कुँवर | कंचनपुर | ९८४८७८३३९७ |
| २९ | शिवराम खामी | डडेलधुरा | ९७४९५३३५०२ |
| ३० | गणेश जोशी | बैतडी | ९८४८७३३१९६ |

### इयोकका क्षेत्रीय संयोजकहरू :

| सि.न | नाम | ठेगाना | क्षेत्रीय अफिस | सम्पर्क |
|---|---|---|---|---|
| १ | बेबी घिमिरे | पूर्वाञ्चल विकास क्षेत्र | इटहरी | ९८४२०६६७०० |
| २ | मेघनाथ खनाल | पश्मिाञ्चल विकास क्षेत्र | बुटवल | ९८५१०६९६८९ |
| ३ | दिनेश चौधरी | मध्यमाञ्चल विकास क्षेत्र | नेपालगञ्ज | ९८४८०२२४९३ |
| ४ | रमेश बस्नेत | सुदुरपश्चिमाञ्चल विकास क्षेत्र | धनगढी | ९८५८४२३९७६ |